श्री ५ को सरकार

# अर्थ मन्त्रालयको

## सूचना

मनोरञ्जन कर ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले आर्थिक वर्ष २०३६।३७ मा निम्नबमोजिम मनोरञ्जन कर लगाई असूल उपर गर्ने गरी यो सूचना प्रकाशित गरेको छः–

| | करको दर |
|---|---|
| ।५० पैसासम्मको प्रवेश शुल्कमा– | ५० प्रतिशत |
| ।५१ पैसादेखि रू. १।– सम्मको प्रवेश शुल्कमा– | ७५ प्रतिशत |
| रू. १।०१ देखि रू. १।५० सम्मको प्रवेश शुल्कमा– | १२५ प्रतिशत |
| रू. १।५१ देखि रू. २।– सम्मको प्रवेश शुल्कमा– | २५० प्रतिशत |
| रू. २।०१ देखि माथिको प्रवेश शुल्कमा– | ३०० प्रतिशत |

तर नेपाली भाषा, कला र संस्कृतिको विकासको निमित्त नाफाको उद्देश्यले देखाइने भए पनि नाटक, सांस्कृतिक कार्यक्रमहरू आदि र नेपाली भाषामा निर्मित चलचित्र प्रदर्शनमा भने मनोरञ्जन कर आधा माफी दिइनेछ। यसभन्दा पहिलेको मनोरञ्जन करको दर खारेज गरिएको छ।

आज्ञाले–
देवेन्द्रराज पाण्डे
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४ हजार प्रस्तावित थियो । जम्मा अनुमानित राजस्व रू. १३ करोड ६८ लाख ७० हजार थियो । यस परिप्रेक्ष्यमा विचार गर्ने हो भने १५।१६ वर्षको अवधिमा हामी कति अगाडि बढी सकेका छौं र श्री ५ को सरकारले आन्तरिक तथा वाह्य साधनको परिचालन गरी विकासको लागि बढ्दो मात्रामा कसरी साधन जुटाउन समर्थ भएको छ भन्ने तथ्य स्पष्ट हुन्छ । तर पनि आर्थिक क्षेत्रमा जुन अनुपातमा राजस्व परिचालन, वैदेशिक सहायता र लगानीमा वृद्धि भएको छ सो अनुसार राष्ट्रिय उत्पादनमा वृद्धि भई जनसाधारणको जीवनस्तरमा अपेक्षित सुधार हुन नसकेको तथ्य स्पष्ट छ । देशको बहुसंख्यक जनताको हित नै हाम्रो विकास प्रयासको सर्वोपरि लक्ष्य भएकोले यही लक्ष्यप्राप्तिका निमित्त हाम्रा सम्पूर्ण कार्यहरू निर्देशित गर्न आर्थिक क्षेत्रमा हामीले उचित दिशाबोधको आवश्यकता देखेका छौं । राजनैतिक क्षेत्रमा शाहवंशको उच्चतम परम्परा अनुरूप श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जनताले नै आफ्नो राजनैतिक भविष्यबारे आफैं निर्णय लिन पाउन् भनी राष्ट्रिय जनमत संग्रहको व्यवस्था गरिबक्सेको छ । यो महान कदम इतिहासमा एक नौलो एवं अनुकरणीय कुरा हो भन्ने मलाई लागेको छ । यस जनमत संग्रह स्वतन्त्र र निष्पक्ष रूपमा विना कुनै धांधली सम्पन्न होस् भन्ने राज-इच्छाबमोजिम यस कार्यलाई सुसम्पन्न गराउन मैले आज प्रस्तुत गर्न लागेको २०३६।३७ को आय-व्यय विवरणमा आवश्यक रकम व्यवस्था गरेको कुरा म यस सदनलाई सर्वप्रथम बोध गराउन चाहन्छु ।

१.२ देशको विद्यमान आर्थिक परिस्थितिको विवेचना गरिएको २०३५।३६ को आर्थिक सर्वेक्षण मैले सदनमा पेश गरिसकेको छु । अर्थ व्यवस्थाको वर्तमान स्थिति सन्तोषजनक रूपमा नभएको कुरा धेरै माननीय सदस्यहरूले उक्त सर्वेक्षणको अध्ययन गरी महसूस गर्नु भयो होला । वास्तवमा हाम्रो अर्थतन्त्रका विभिन्न पक्षहरू बढी जटिल हुँदै गएकाछन् । धेरै पिछडिएको अवस्थामा रही आएको हाम्रो जस्तो मुलुकमा द्रुततर गतिको आर्थिक एवं सामाजिक विकासको प्रक्रिया जारी राख्ने जुन हाम्रो सामुहिक आकांक्षा छ त्यसको सन्दर्भमा हाम्रा उपलब्धिहरू केही कमी देखिनु स्वाभाविकै हो । आज हामी सबैले सर्वसाधारणको दैनिक जनजीवनमा पर्ने असुविधा हटाउन अझ बढी कार्यरत हुन परेको छ भन्ने कुरामा ध्यान दिनु परेको छ । विगत २।३ वर्ष [illegible] देखि कृषि उत्पादनमा लगातार भएको ह्रासबाट राष्ट्रिय उत्पादनमा परेको प्रतिकूल असर र यसको फलस्वरूप मूल्य वृद्धि, व्यापार असन्तुलनलगायत केही वस्तुहरूको आपूर्तिमा समेत पर्न गएको नराम्रो प्रभाव जस्ता समस्याहरूको समाधानमा नै आज हाम्रो ध्यान केन्द्रित हुन परेको छ ।

१.३ चालू पञ्च वर्षीय योजनामा प्रति वर्ष करीब ५ प्रतिशतले राष्ट्रिय उत्पादन वृद्धि गर्ने लक्ष्य राखिएकोमा गत ४ वर्षमा श्री ५ को सरकारले साधन जुटाई लगानी वृद्धि गर्दै लगेको छ तापनि लक्ष्य अनुरूप प्रगति हुन सकेको छैन । अर्कोतिर जनसंख्याको वृद्धि दर भने बढ्दै जानाले सर्वसाधारण जनताको जीवनस्तरमा हाम्रा विगत वर्षहरूको प्रयासबाट चाहिंदो मात्रामा अनुकूल असर पर्न सकेको छैन । देशको अर्थ व्यवस्थामा कृषिको मुख्य भूमिका रहेको छ । तर कृषि उत्पादन अझै मौसमको अनुकूलतामा निर्भर भइरहेको छ । लगानीको दृष्टिकोणबाट कृषि क्षेत्रलाई प्राथ-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# अर्थ मन्त्रालयको

## सूचना

मनोरञ्जन कर ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले आर्थिक वर्ष २०३६।३७ मा निम्नबमोजिम मनोरञ्जन कर लगाई असूल उपर गर्ने गरी यो सूचना प्रकाशित गरेको छः–

| | करको दर |
|---|---|
| ।५० पैसासम्मको प्रवेश शुल्कमा– | ५० प्रतिशत |
| ।५१ पैसादेखि रू. १।– सम्मको प्रवेश शुल्कमा– | ७५ प्रतिशत |
| रू. १।०१ देखि रू. १।५० सम्मको प्रवेश शुल्कमा– | १२५ प्रतिशत |
| रू. १।५१ देखि रू. २।– सम्मको प्रवेश शुल्कमा– | २५० प्रतिशत |
| रू. २।०१ देखि माथिको प्रवेश शुल्कमा– | ३०० प्रतिशत |

तर नेपाली भाषा, कला र संस्कृतिको विकासको निमित्त नाफाको उद्देश्यले देखाइने भए पनि नाटक, सांस्कृतिक कार्यक्रमहरू आदि र नेपाली भाषामा निर्मित चलचित्र प्रदर्शनमा भने मनोरञ्जन कर आधा माफी दिइनेछ। यसभन्दा पहिलेको मनोरञ्जन करको दर खारेज गरिएको छ।

आज्ञाले–
देवेन्द्रराज पाण्डे
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४ हजार प्रस्तावित थियो । जम्मा अनुमानित राजस्व रू. १३ करोड ६८ लाख ७० हजार थियो । यस परिप्रेक्ष्यमा विचार गर्ने हो भने १५।१६ वर्षको अवधिमा हामी कति अगाडि बढी सकेका छौं र श्री ५ को सरकारले आन्तरिक तथा वाह्य साधनको परिचालन गरी विकासको लागि बढ्दो मात्रामा कसरी साधन जुटाउन समर्थ भएको छ भन्ने तथ्य स्पष्ट हुन्छ । तर पनि आर्थिक क्षेत्रमा जुन अनुपातमा राजस्व परिचालन, वैदेशिक सहायता र लगानीमा वृद्धि भएको छ सो अनुसार राष्ट्रिय उत्पादनमा वृद्धि भई जनसाधारणको जीवनस्तरमा अपेक्षित सुधार हुन नसकेको तथ्य स्पष्ट छ । देशको बहुसंख्यक जनताको हित नै हाम्रो विकास प्रयासको सर्वोपरि लक्ष्य भएकोले यही लक्ष्यप्राप्तिका निमित्त हाम्रा सम्पूर्ण कार्यहरू निर्देशित गर्न आर्थिक क्षेत्रमा हामीले उचित दिशाबोधको आवश्यकता देखेका छौं । राजनैतिक क्षेत्रमा शाहवंशको उच्चतम परम्परा अनुरूप श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जनताले नै आफ्नो राजनैतिक भविष्यबारे आफैं निर्णय लिन पाउन् भनी राष्ट्रिय जनमत संग्रहको व्यवस्था गरिबक्सेको छ । यो महान् कदम इतिहासमा एक नौलो एवं अनुकरणीय कुरा हो भन्ने मलाई लागेको छ । यस जनमत संग्रह स्वतन्त्र र निष्पक्ष रूपमा विना कुनै धांधली सम्पन्न होस् भन्ने राज-इच्छाबमोजिम यस कार्यलाई सुसम्पन्न गराउन मैले आज प्रस्तुत गर्न लागेको २०३६।३७ को आय-व्यय विवरणमा आवश्यक रकम व्यवस्था गरेको कुरा म यस सदनलाई सर्वप्रथम बोध गराउन चाहन्छु ।

१.२ देशको विद्यमान आर्थिक परिस्थितिको विवेचना गरिएको २०३५।३६ को आर्थिक सर्वेक्षण मैले सदनमा पेश गरिसकेको छु । अर्थ व्यवस्थाको वर्तमान स्थिति सन्तोषजनक रूपमा नभएको कुरा धेरै माननीय सदस्यहरूले उक्त सर्वेक्षणको अध्ययन गरी महसूस गर्नु भयो होला । वास्तवमा हाम्रो अर्थतन्त्रका विभिन्न पक्षहरू बढी जटिल हुँदै गएकाछन् । धेरै पिछडिएको अवस्थामा रही आएको हाम्रो जस्तो मुलुकमा द्रुततर गतिको आर्थिक एवं सामाजिक विकासको प्रक्रिया जारी राख्ने जुन हाम्रो सामुहिक आकांक्षा छ त्यसको सन्दर्भमा हाम्रा उपलब्धिहरू केही कमी देखिनु स्वाभाविकै हो । आज हामी सबैले सर्वसाधारणको दैनिक जनजीवनमा पर्ने असुविधा हटाउन अझ बढी कार्यरत हुन परेको छ भन्ने कुरामा ध्यान दिनु परेको छ । विगत २।३ वर्ष यता देखि कृषि उत्पादनमा लगातार भएको ह्रासबाट राष्ट्रिय उत्पादनमा परेको प्रतिकूल असर र यसको फलस्वरूप मूल्य वृद्धि, व्यापार असन्तुलनलगायत केही वस्तुहरूको आपूर्तिमा समेत पर्न गएको नराम्रो प्रभाव जस्ता समस्याहरूको समाधानमा नै आज हाम्रो ध्यान केन्द्रित हुन परेको छ ।

१.३ चालू पञ्च वर्षीय योजनामा प्रति वर्ष करीब ५ प्रतिशतले राष्ट्रिय उत्पादन वृद्धि गर्ने लक्ष्य राखिएकोमा गत ४ वर्षमा श्री ५ को सरकारले साधन जुटाई लगानी वृद्धि गर्दै लगेको छ तापनि लक्ष्य अनुरूप प्रगति हुन सकेको छैन । अर्कोतिर जनसंख्याको वृद्धि दर भने बढ्दै जानाले सर्वसाधारण जनताको जीवनस्तरमा हाम्रा विगत वर्षहरूको प्रयासबाट चाहिंदो मात्रामा अनुकूल असर पर्न सकेको छैन । देशको अर्थ व्यवस्थामा कृषिको मुख्य भूमिका रहेको छ । तर कृषि उत्पादन अझै मौसमको अनुकूलतामा निर्भर भइरहेको छ । लगानीको दृष्टिकोणबाट कृषि क्षेत्रलाई प्राथ-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६७

मिकता दिंदा दिंदै पनि उत्पादनमा वृद्धि हुन नगएबाट अवश्य नै हाम्रो कार्यक्रमहरू प्रभावकारी रूपबाट सञ्चालन हुन नसकेको कुरा सिद्ध हुन्छ ।

१.४ विगत दुई वर्षमा लगातार ह्रास हुँदै आएको खाद्यान्न उत्पादनमा यस वर्ष भने ३.० प्रतिशतले वृद्धि भएको छ । नगदेबालीतर्फ तेलहन र जूटको उत्पादनमा वृद्धि भएको छ । तर उखु, सुर्ती र आलुको उत्पादनमा ह्रास भएको छ । चालू पञ्च वर्षीय योजनाकालमा वार्षिक औसत ३.५ प्रतिशतले कृषि उत्पादन गर्ने लक्ष्य रहेकोमा हालसम्मको उपलब्धि हेर्दा कृषि उत्पादनको वृद्धि दर लक्ष्यभन्दा धेरै कम देखिन्छ । खासगरी मौसम प्रतिकूल भएकोले कृषि उत्पादनमा असर पर्दै गएको छ तापनि धेरै वस्तुहरूको उत्पादकत्वमा पनि ह्रास हुँदै गएको प्रवृत्ति देखा पर्दै आएको छ । साथै बढ्दो मात्रामा देखा पर्दै आएको भूक्षयको समस्याले पनि कृषि उत्पादनमा प्रतिकूल असर पारेको छ । यसरी एकातिर हामी राष्ट्रिय उत्पादन बृद्धि गर्नेतर्फ कार्यरत छौं भने अर्कोतिर हाम्रो प्रमुख सम्पत्ति जमीनको उर्वरा शक्तिमा क्षय हुन नदिने चुनौती पनि छँदैछ किनकि यो समस्यालाई हामीले समयमै नियन्त्रण गर्न सकेनौं भने यसले भविष्यमा उग्ररूप लिन सक्छ ।

१.५ यसरी हामीले हाम्रा कमीहरूलाई केलाई त्यसमा सुधार गर्दै विकासको सही मार्ग अवलम्बन गर्नु आजको आवश्यकता हुन्छ भने केही क्षेत्रहरूमा हामीले हासिल गरेको प्रगतिबाट उत्साह र प्रेरणा लिने ठाउँ पनि छ भन्ने मलाई लाग्दछ । उत्पादनमा आशातीत वृद्धि हुन नसके तापनि पञ्चायती व्यवस्थाको १८।१९ वर्षको इतिहासमा देशले द्रुततर आर्थिक विकासको लागि चाहिने पूर्वाधारहरूको स्थापनामा गरेको प्रगति हामी सबैको सामु छ । हाम्रो जस्तो अल्पविकसित र सीमित साधन भएको मुलुकले विभिन्न कठिनाईहरूको बाबजूद यातायात, सञ्चारदेखि शिक्षा तथा स्वास्थ्य जस्ता आधारभूत क्षेत्रहरूमा यस छोटो अवधिमा हासिल गरेको प्रगति उत्साहवर्धक मान्नु पर्दछ । यस्तै देशमा जे जति मात्रामा विकास हुन सकेको छ त्यसको प्रतिफल देशका कुनाकाप्चामा बसोबास गर्ने जनतासम्म पुग्ने व्यवस्था गर्न क्षेत्रीय सन्तुलन, जनसहभागिता र जनमुखी विकास कार्यहरूका कार्यान्वयनमा जुन जोड दिइएको छ, त्यसको सकारात्मक परिणाम हामी सबैले क्रमशः अनुभव गर्न पाउनेछौं भन्ने कुरामा म निश्चिन्त छु । सबैभन्दा महत्वपूर्ण कुरा स्थानीय नेतृत्व एवं श्रम र साधनको परिचालनबाट जनआकांक्षा अनुरुप विकासको प्रक्रिया सञ्चालन गर्ने जुन आधार आज देशव्यापी रूपमा सृजना भएको छ त्यो नै बिगत वर्षहरूको ठूलो उपलब्धी हो र यस प्रक्रियाले नै क्रमशः विकासको गति र स्वरूपलाई जनमुखी बनाउने कुरा निश्चित छ ।

१.६ श्री ५ को सरकारले ग्रामीण विकासलाई देश विकासको एउटा महत्वपूर्ण तथा अभिन्न अङ्ग मान्दै आएको छ र हाम्रो विकास नीतिमा जनसहभागिताको सिद्धान्तले ठूलो भूमिका ओगटेको छ । स्थानीय स्रोत, शीप तथा श्रमको परिचालन गरी विकासको क्रमलाई व्यापक जनसहभागिताको आधारमा सञ्चालन गरी विकासको फल जनसाधारणसम्म पुऱ्याउन हामी सबै समर्पित हुन परेको छ । चालू पञ्च वर्षीय योजनाले पनि विकासको जिम्मेवारी सरकारी क्षेत्र, पञ्चायत क्षेत्र र निजी क्षेत्रमा विभाजित गरेको छ । तदनुरूप श्री ५ को सरकारले आफ्नो जिम्मेवारी वहन गर्दै आउनुको साथै अन्य क्षेत्रको विकासको क्रम एवं प्रयासलाई पनि आवश्यक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

टेवा एवं सहयोग पुऱ्याउँदै आएको छ । स्थानीय जनताबाट पनि यस उद्देश्य अनुरूप कार्य गर्नमा जुन हौसला र जाँगर प्रदर्शित भएको छ त्यो निश्चय नै उत्साहवर्धक छ ।

१.७ चालू वर्षका अन्य आर्थिक परिसूचकहरू केलाउँदा मुद्रा प्रदाय र मूल्यमा पर्न लागेको चापबाट सजग रहनु पर्ने स्थिति मैले देखेको छु । शहरी क्षेत्रको औषत राष्ट्रिय उपभोक्ता मूल्यसूची गत वर्षको ९ महीनाको तुलनामा यस आर्थिक वर्षको प्रथम नौ महीनाको अवधिमा ३.३ प्रतिशतले वृद्धि भएको देखिन्छ । चालू वर्ष खाद्यान्न उत्पादनमा वृद्धि हुन गएबाट र खाद्यान्नको मूल्यमा ऋतुगत घटबढले गर्दा केही ह्रास हुन गएकोले औषत राष्ट्रिय उपभोक्ता मूल्यसूचीमा गत वर्षको पहिलो ९ महीनाको दाँजोमा मूल्यको चाप केही कम हुन गएको देखिन्छ । तर यस वर्ष प्रथम ९ महीनाको अवधिमा अन्य वस्तुहरू जस्तै दूध तथा दुग्ध पदार्थमा ४.९ प्रतिशत, औषधिमा ३.५ प्रतिशत, घरायसी सामानमा ११.१ प्रतिशत, इन्धनमा २१.६ प्रतिशत, कपडामा ४.७ प्रतिशत र मासुमा ४.८ प्रतिशतले मूल्य वृद्धि भएको देखिन्छ । चैत्रपछि वस्तुहरूको मूल्य वृद्धिका दर अरू बढेको लक्षण छ । यसो हुनुमा पेट्रोलियम पदार्थको मूल्यमा बराबर भएको वृद्धि र नेपाल-संग निकटतम व्यापारिक सम्बन्ध भएको मित्रराष्ट्र भारतमा केही महीना यतादेखि उल्लेखनिय रूपमा हुन थालेको मूल्य वृद्धिको प्रमुख भूमिका छ । ओपेक राष्ट्रहरूले केही दिन अघि पेट्रोलियम पदार्थको मूल्यमा फेरि उल्लेखनीय रूपले वृद्धि गरेबाट हाम्रो जस्तो देशलाई पर्न गएको थप भारको समस्या त छँदैछ । यसको अतिरिक्त मूल्य वृद्धिमा हाम्रा आन्तरिक कारणहरू पनि छन् । यस वर्ष आन्तरिक कर्जाको विस्तारबाट मुद्रा प्रदायमा जुन रूपले वृद्धि भएको छ, त्यसबाट पनि मूल्यमा केही चाप परेको कुरामा शंका छैन ।

१.८ आर्थिक वर्ष २०३४।३५ मा मुद्रा प्रदाय ११.२१ प्रतिशत वृद्धि भएकोमा चालू आर्थिक वर्षको पहिलो ९ महीनामा १९.२४ प्रतिशतले वृद्धि भइसकेको छ र यस आर्थिक वर्षको अन्तसम्ममा मुद्रा प्रदायको वृद्धि दर अरू तीव्र हुने अनुमान छ । आर्थिक वर्ष २०३३।३४ मा वाणिज्य बैंकहरूको बढी तरलताको स्थिति रहेकोमा यसमा क्रमिक रूपले सुधार आई चालू आर्थिक वर्षको चैत्र मसान्तसम्ममा बैङ्कहरूबाट जाने कर्जामा निकै वृद्धि भएको छ । बैङ्कहरूबाट निजी क्षेत्रमा जाने कर्जामा यसरी वृद्धि भएको छ भने श्री ५ को सरकारको बजेट कार्यान्वयनबाट पनि मुद्रा प्रदायमा केही मात्रामा वृद्धि भएको छ । मौद्रिक दृष्टिबाट हेर्ने हो भने श्री ५ को सरकारको बजेटमा हुने न्यून मध्ये आन्तरिक ऋण र मौज्दात परिवर्तनको अतिरिक्त केही अंशमा विदेशी सहायताले पनि मुद्रा प्रदायमा विस्तारक प्रभाव पार्दछ । चालू वर्ष शुरूको अनुमानभन्दा कम राजस्व उठ्ने भएकोले न्यून वित्त परिचालनको मात्रामा वृद्धि भई मुद्रा प्रदायमा वाञ्छनीय हदभन्दा बढी विस्तारक प्रभाव पर्ने देखिएको छ ।

१.९ व्यापारतर्फ हाम्रो वैदेशिक व्यापारको घाटाको वृद्धिको क्रम अझै जारी नै छ । तर भुक्तानी सन्तुलन भने अझ पनि अनुकूल रही आएकोले शोधनान्तर स्थितिको दृष्टिकोणबाट विशेष चिन्ता लिनु पर्ने कारण देखिंदैन । फलस्वरूप यस वर्षको प्रथम नौ महीनामा विदेशी विनिमयको सञ्चितिमा रू. ३६ करोड ७० लाखले वृद्धि भई रू. २ अरब ४९ करोड ६८ लाख पुगेको छ । गत

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्षको प्रथम नौ महीनाको शोधनान्तर स्थिति हेर्दा रू.१० करोड ४७ लाखले हाम्रो पक्षमा रहेकोमा यस वर्षको सोही अवधिमा शोधनान्तर स्थितिमा रू.२२ करोड ७६ लाखको बचत रहेको छ। मुख्य रूपले सेवाबाट खूद भुक्तानी आर्जन हुने भएको र हाम्रो विकास क्रममा पर्यटन व्यवसायलाई प्राथमिकता दिनुको साथै वैदेशिक सहायताको पनि प्रमुख भूमिका रहेकोले नेपालको वैदेशिक भुक्तानीको बनावट यस किसिमको हुन गएको हो। गत वर्ष निर्यातबाट आर्जन घटेको परिप्रेक्षमा हेर्दा यस वर्षको प्रथम ९ महीनामा गत वर्षको सोही अवधिको तुलनामा निर्यात २१.४८ प्रतिशतले वृद्धि भएको कुरा उत्साहवर्धक मान्नु पर्दछ। तर धेरै वर्षसम्म संकुचन गरी राखेको समुद्रपारबाट हुने आयातलाई खुकुलो गर्दा भएको समुद्रपारको आयातको वृद्धि दर पनि यथावत कायमै छ। [illegible]स्वरूप समुद्रपारतर्फको व्यापारमा यस वर्षको प्रथम ९ महीनामा निर्याततर्फ ३६.९६ प्रतिशतले वृद्धि भएकोमा आयात ६३.७४ प्रतिशतले वृद्धि भएको छ। आगामी वर्षमा पनि निर्यात बढ्ने अनुमान भए तापनि आयातको वृद्धिदर अझ बढ्न गई व्यापार घाटा बढ्ने अनुमान गरिएको छ। तर सेवाबाट हुने खूद आय चालू वर्षकै स्तरमा नै रहने देखिएको भए तापनि खूद ट्रान्सफर र विदेशी सहायता तथा ऋणमा वृद्धि हुन गई शोधनान्तर स्थिति करीब रू.२० करोडले हाम्रो पक्षमा रहने अनुमान गरिएको छ।

१.१० द्वय विनिमय प्रणाली हाम्रा व्यापार विनिमयसम्बन्धी उद्देश्यहरू प्राप्त गर्ने कति सार्थक भएको छ भन्ने कुरा मूल्यांकन गर्ने हालसम्मको छोटो अनुभवबाट अझै गाह्रो छ। मुख्य रूपले लामो अवधिमा हाम्रो आयात र निर्यातले के कस्तो मोड लिन्छ भन्ने कुराबाट मात्र यो नयां व्यवस्थाको असर स्पष्ट हुनेछ। उपभोग्य एवं निर्माण सामग्रीको बढ्दो मांग पूर्ति गर्न संसारको जुन बजारमा पाइन्छ वा जहाँ पर्ता पर्छ त्यहाँबाट आयात गर्न प्रोत्साहन मिलेको छ। यही अनुपातमा निकासी वृद्धि गर्न सक्नु वा नसक्नुमा नै यस नीतिको सफलता निहित छ। यसको लागि निजी क्षेत्रबाट निर्यातयोग्य वस्तुहरूको विकास एवं प्रवर्द्धनमा हालको भन्दा धेरै ठूलो मात्रामा योगदान हुनु पर्ने कुरा स्पष्ट छ। दोस्रो विनिमय दरको सहुलियतबाट स्वदेशी व्यापारी एवं पूंजीपतिहरूले बढी लाभ उठाउन पाउन र निजकै माध्यमबाट उद्योग एवं व्यापारको विकासको दीगो जग बस्न [illegible]स् भन्ने हेतुले श्री ५ को सरकार र निजी क्षेत्रको संयुक्त प्रयासको आज खाँचो छ।

१.११ देशको वर्तमान आर्थिक परिस्थितिको यस परिप्रेक्षमा मैले आगामी वर्षको बजेट सम्बन्धी नीतिहरू अपनाएको छु। हाम्रो जस्तो देशमा एकातिर आन्तरिक एवं वाह्य साधनको परिचालन गरी आर्थिक विकासको दीर्घकालीन आधारको समुचित व्यवस्था गर्नु परेको छ भने अर्कोतिर दैनिक जीवन धान्न नै कठिन अनुभव गरिरहेका सर्वसाधारण जनताको तत्कालीन समस्याहरू प्रति ध्यान दिनु झन् बढी आवश्यक हुन्छ। यस सन्दर्भमा करको भार सामाजिक न्यायको सिद्धान्तमा आधारित गर्ने, मूल्य वृद्धि नियन्त्रण गर्ने र दैनिक आवश्यकताका वस्तुहरूको आपूर्ति नियमित गर्ने कार्यहरूले सबभन्दा बढी महत्व राख्दछन्।

१.१२ श्री ५ महाराजाधिराज सरकारबाट कर प्रणालीलाई बढी न्यायपूर्ण, वैज्ञानिक र सरलीकरण गर्ने निर्देशन बक्स भए अनुरूप कार्य गर्नको निमित्त श्री ५ को सरकारलाई उचित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुझावहरू दिन एक आर्थिक आयोग गठन भई उक्त आयोग यस दिशामा कार्यरत रहेको कुरा माननीय सदस्यहरुलाई विदितै छ। यस आयोगले तत्काल लागू गर्न सकिने भनी दिएका सुझावहरूलाई समेत ध्यानमा राखी मैले आगामी वर्षको राजस्व प्रस्ताव तर्जुमा गरेको छु जसको व्याख्या म उचित सन्दर्भमा पछि गर्नेछु।

१.१३ मूल्य वृद्धिको बढ्दो समस्या र यस सम्बन्धमा अझ नराम्रा लक्षणहरूलाई दृष्टिगत गरी उपयुक्त वित्तिय एवं मौद्रिक नीतिहरू अपनाएको छु। मुद्रा प्रदायका वाञ्छनीय हदभन्दा बढी वृद्धि हुन नदिन नेपाल राष्ट्र बैङ्कबाट लिइने कर्जा नियन्त्रणका उपायहरू चालू रहनेछन् भने श्री ५ को सरकारको आफ्नो वित्तिय कारोवारबाट आन्तरिक कर्जा स्थिति एवं मुद्रा प्रदायमा प्रतिकूल असर नपरोस् भन्ने दृष्टिकोण पनि अपनाएको छु। खासगरी चालू वर्ष शुरूको अनुमान भन्दा धेरै बढ्न गएको बजेट घाटालाई दृष्टिगत गरी आगामी वर्ष न्यून वित्त परिचालनको अनुपात नियन्त्रित गर्ने प्रयास गरेको छु। यसको निमित्त आर्थिक अनुशासन र मितव्ययितामा आवश्यक जोड दिंदै अनुत्पादक खर्चमा पूरा नियन्त्रण गर्न लागेको छु।

१.१४ नेपालको अर्थ व्यवस्थाको प्रकृतिलाई हेर्दा मौद्रिक उपायहरूबाट मात्र मूल्य नियन्त्रण हुन नसक्ने हुनाले आवश्यकतानुसार श्री ५ को सरकारले वस्तुगत नीतिहरू पनि अपनाउँदै आएको छ। यस वर्ष खासगरी वैशाख, जेष्ठ महीनाहरूमा परेको खडेरीले अधिराज्यको केही क्षेत्रमा भएको बालीको नोक्सानीलाई ध्यानमा राखी श्री ५ को सरकारले यस्ता क्षेत्रहरूको निमित्त खाद्यान्नको आपूर्ति र वितरणको विशेष व्यवस्था गर्दैछ। त्यस्तै पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा पुनः गरिएको वृद्धिको भारबाट सर्वसाधारण जनतालाई कसरी बचाउने भन्ने दिशामा श्री ५ को सरकारको ध्यान केन्द्रित छ। श्री ५ को सरकारले मूल्य नियन्त्रण गर्न अनेकौं उपाय गर्दा गर्दै पनि कृत्रिम तवरबाट हुने मूल्य वृद्धिबाट सर्वसाधारणलाई प्रतिकूल असर पारी नाजायज फाईदा उठाउन खोजिएमा उचित प्रशासकीय कारवाई गर्न श्री ५ को सरकार पछि पर्नेछैन भन्ने कुरा म यस सदनलाई विश्वास दिलाउन चाहन्छु।

१.१५ वस्तुहरूको आपूर्ति र मूल्य नियन्त्रणको समस्याको समाधानको निमित्त निजी क्षेत्र यस दिशामा जति क्रियाशील रहनु पर्ने हो त्यति मात्रामा हुन नसकेको कुरा स्पष्ट छ। श्री ५ को सरकारले उदार नीति अपनाई आयातलाई खुल्ला रूपमा छाडी दिंदा पनि उपभोग्य वस्तुहरू एवं निर्माण सामग्रीको अभाव बराबर देखा पर्नु राम्रो लक्षण होइन। त्यस्तै निश्चित वस्तुहरूको कारोवारमा एकाधिकार पाएका सरकारी वा अर्ध सरकारी संस्थाहरूसमेतको तर्फबाट वस्तुहरूको आपूर्ति योजनावद्ध एवं नियमित रूपले हुन नसकेको तथ्य हाम्रो सामु छ। तसर्थ निजी क्षेत्र यस कार्यमा बढी उत्तरदायित्व वहन गर्न अग्रसर भएमा श्री ५ को सरकारले सरकारी वा अर्ध सरकारी संस्थाहरूबाट हाल भइरहेको केही व्यापारिक कारोबारहरू निजी क्षेत्रलाई नै छाडी दिन तत्पर रहेको कुरा पनि म यस सदनलाई जानकारी दिलाउन चाहन्छु।

१.१६ श्री ५ को सरकारको संस्थानहरूमा भएको लगानी लगभग रू. २ अरब पुगिसकेको भए तापनि श्री ५ को सरकारले प्राप्त गर्ने लाभांश नगन्य नै रहिआएको छ। चालू वर्ष नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्र बैङ्क बाहेकका सरकारी संस्थानहरूबाट रू. १ करोड मात्र लाभांश प्राप्त हुने अनुमान छ। धेरैजसो संस्थानहरू मुनाफामा चल्न सकेका छैनन् भने कतिपय संस्थानलाई ठूलो मात्रामा श्री ५ को सरकारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले अनुदान दिनु पर्ने स्थिति छ। यिनै तथ्यहरूलाई दृष्टिगत गरी श्री ५ को सरकारले केही सरकारी संस्थानहरूको भूमिका वा आवश्यकता बारे पुनरावलोकन गर्दैछ।

१.१७ निजी क्षेत्रलाई खासगरी औद्योगिक विकासमा प्रोत्साहन गर्न श्री ५ को सरकारले विभिन्न सहुलियत एवं सुविधाहरू प्रदान गर्दै आएको कुरा सर्वविदितै छ। यसरी सरकारको तर्फबाट हरसंभव सुविधाहरू उपलब्ध गराउने प्रयास गर्नुको बाबजूद पनि सीमित व्यापार बाहेक अन्यत्र क्षेत्रले देखाएको सक्रियता पर्याप्त छैन। सरकारको तर्फबाट हर किसिमको सुविधाको याचना गर्ने तर आफ्नो पक्षबाट भने केवल तत्कालीक मुनाफा मात्र खोज्ने प्रवृत्तिलाई निरूत्साह गरी औद्योगिक समुदायको तर्फबाट स्वभावतः लिनु पर्ने जोखिमसमेत उठाएर भए पनि देशको दीर्घ-कालीन विकासको निमित्त स्वदेशी पूँजीपतिहरू बढी मात्रामा अग्रसर हुनेछन् भन्ने मैले आशा लिएको छु। यस शुभ कार्यमा यस्तो वर्गलाई अधि बढाउनको निमित्त चाहिने एक निश्चितताको एवं सहुलियतपूर्ण वातावरण कायम राख्न श्री ५ को सरकार कटिवद्ध रहेको कुरा म पुनः दोहोऱ्याउन चाहन्छु। औद्योगिक व्यवसाय ऐन र यसको कार्यान्वयनमा रहेको वर्तमान असंगति-हरू हटाई देशको आवश्यकता र प्राथमिकता अनुरूप औद्योगिक विकासलाई प्रोत्साहन गर्ने हेतुले उक्त ऐन संशोधन गर्ने कार्य भइरहेको र तत्सम्बन्धी विधेयक यथाशीघ्र प्रस्तुत गरिने कुराको पनि म जानकारी दिलाउन चाहन्छु।

१.१८ निजी क्षेत्र भन्नाले नेपालमा सर्वप्रथम उद्योग एवं व्यापारको क्षेत्रमा नै ध्यान जाने प्रचलन छ तापनि नेपालको अर्थ व्यवस्थामा निजी क्षेत्रको सबभन्दा महत्वपूर्ण भूमिका कृषिमा रहने तथ्यलाई हामी बिर्सन सक्दैनौं। वास्तवमा कृषि विकासको निमित्त श्री ५ को सरकारले अनुसन्धान र परम्परागत तर प्रभावहीन प्रसार कार्यमा ज्यादा भर परी कृषि विकासमा कृषक समुदायको मनोबल र उत्साहको भूमिकालाई उचित महत्व नदिंदा नै कृषि उत्पादनमा विशेष प्रगति हुन नसकेको जस्तो मलाई लाग्दछ। तसर्थ सहुलियत दरमा कृषि ऋणको व्यवस्था, ढुवानी अनुदान श्री ५ को सरकारबाट प्रदान गरेर पनि अन्तर्राष्ट्रिय मूल्यको तुलनामा कम दरमा हाल बिक्री-वितरण भइ रहेको मलखाद तथा उन्नत बिउको व्यवस्था जस्ता सुविधा कायम राखी कृषक-हरूले आफ्नो उपजको उचित मूल्य पाउने वातावरणको सृजना गर्न आवश्यक कदम चालिने छ। यसको निमित्त आगामी वर्षदेखि चामलको निर्यातमा धान चामल कम्पनीहरूले पाएको एकाधिकार समाप्त गरी उक्त कम्पनीहरूलगायत जोसुकैले पनि निर्यात कारोवार गर्न पाउने गरी चामल निर्यात खुल्ला गरिनेछ। निर्यातमा हाल लागिआएको लेभीको हकमा चामलको अन्तर्राष्ट्रिय बजार भाउ र आन्तरिक खपतको आवश्यकता अनुसार समय समयमा निर्धारण गरिनेछ।

१.१९ यसरी उद्योग, व्यापार र कृषि विकासमा निजी क्षेत्रलाई प्रोत्साहन गरी मूल्य वृद्धि लगायत आवश्यक वस्तुहरूको आपूर्ति जस्ता विद्यमान आर्थिक समस्याको समाधान गर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामाजिक उत्तरदायित्व यस क्षेत्रलाई पनि वहन गर्न लगाउँदै श्री ५ को सरकार र निजी क्षेत्रका बीच नयां विश्वासको वातावरण सृजना गर्ने आजको एक उद्देश्य रहेको छ। यसैगरी जनतालाई बढी रूपमा करको भार नपारिकन पनि बजेटमा सन्तुलन कायम राख्नुको साथै चालू विकासको प्रक्रियालाई जारी राख्न बढ्दो लगानीको स्तर कायम राख्ने आगामी वर्षको प्रमुख उद्देश्य रहनेछ। यसको निमित्त एकातिर अनुत्पादक खर्चमा पूरा नियन्त्रण गरिनेछ भने अर्कोतिर आन्तरिक साधनको परिचालन प्रक्रियालाई सुदृढ गर्दै वैदेशिक सहायताको परिचालन र उपयोगमा विशेष जोड दिइनेछ।

## २

२.१ आगामी वर्षको आय-व्ययको अनुमान पेश गर्नु अघि २०३४।३५ को यथार्थ बजेट स्थिति र २०३५।३६ को संशोधित बजेट अनुमान पेश गर्दछु। गत वर्ष साधारणतर्फ रू. ९१ करोड ८६ लाख ५० हजार खर्च गर्ने संशोधित अनुमान गरिएकोमा यथार्थमा रू. ८६ करोड ६९ लाख १३ हजार खर्च भयो। यसो हुनुमा सामाजिक सेवा, आर्थिक सेवा, साँवा ब्याज भुक्तानी आदि शीर्षकहरूमा संशोधित अनुमानभन्दा यथार्थमा कम खर्च हुने भएकोले हो। यस्तै गरी विकासतर्फ रू. १ अरब ९३ करोड २१ लाख ७५ हजार खर्च गर्ने संशोधित अनुमान भएकोमा यथार्थमा खर्च रू. १ अरब ८० करोड ७९ लाख ६१ हजार मात्र भयो। राजस्वतर्फ रू. १ अरब ५८ करोड ५ लाख ६१ हजार प्राप्त हुने संशोधित अनुमान भएकोमा यथार्थमा रू. १ अरब ५८ करोड २० लाख २० हजार प्राप्त भयो। विदेशी सहायतातर्फ अनुदान र ऋण गरी रू. ८४ करोड ८३ लाख ४९ हजार प्राप्त भई जम्मा रू. २४ करोड ४५ लाख ५ हजार न्यून भएकोमा रू. २४ करोड आन्तरिक ऋणबाट र बाँकी रकम नगद मौज्दातबाट व्यहोरिएको थियो।

२.२ चालू आर्थिक वर्षमा साधारणतर्फ रू. १ अरब १० करोड ४९ लाख ६२ हजार खर्च हुने अनुमान गरिएकोमा रू. १ अरब ५ करोड ४१ लाख ८० हजार खर्च हुने संशोधित अनुमान छ। यस्तै गरी विकासतर्फ रू. २ अरब ६४ करोड ७८ लाख ६२ हजार खर्च हुने अनुमान गरिएकोमा रू. २ अरब ६ करोड ४ लाख २ हजार खर्च हुने संशोधित अनुमान छ। यसरी चालू आर्थिक वर्षमा विकासतर्फ कुल अनुमानको ७८ प्रतिशत मात्र खर्च हुने देखिन्छ। विगत ३ वर्षमा औषत करीब ८५ प्रतिशतको दरले खर्च भएको थियो। यस वर्ष विकास खर्च घट्नुको मूल कारणमा निर्माण सामग्रीहरूको अभाव र विभिन्न कारणहरूले गर्दा वैदेशिक सहायताअन्तर्गतका केही आयोजनाहरूमा समयमा सम्झौता वा ठेक्का पट्टा हुन नसकी अनुमान अनुसार खर्च नहुनु हो।

२.३ राजस्वतर्फ चालू वर्ष कुल आय रू. २ अरब २ करोड ५५ लाख ५७ हजार संकलन हुने अनुमान भएकोमा रू. १ अरब ७० करोड ३९ लाख ७२ हजार संकलन हुने संशोधित अनुमान छ। यसरी अनुमानभन्दा राजस्व १५.९ प्रतिशतले कम उठ्ने देखिन्छ तापनि गत वर्षको यथार्थ

१५० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संकलनको तुलनामा यो अझै ७.७ प्रतिशतले बढी छ। शुरूको अनुमानको तुलनामा राजस्व संकलन यसरी घट्नुको मुख्य कारणहरूमा आय करबाट अनुमानभन्दा करीब ५४ प्रतिशत, मालपोत बाट ६५ प्रतिशत, अन्तःशुल्कबाट १४ प्रतिशत, ब्याज तथा कर्जाकरबाट ६६ प्रतिशत, वनबाट ३३ प्रतिशत र साँवा र ब्याज भुक्तानीबाट ४७ प्रतिशत कम रकम प्राप्त हुने संशोधित अनुमान भएकोले हो।

२.४ विदेशी सहायतातर्फ अनुदान र ऋण गरी रू. १ अरब ५२ करोड ३३ लाख २५ हजार खर्च हुने अनुमान भएकोमा रू. १ अरब ४ करोड ७७ हजार मात्र खर्च हुने संशोधित अनुमान छ। प्रकार चालू वर्षको कुल खर्च रू. ३ अरब ११ करोड ४५ लाख ८२ हजारमध्ये राजस्वबाट रू. १ अरब ७० करोड ३९ लाख ७२ हजार र वैदेशिक सहायताबाट रू. १ अरब ४ करोड ७७ हजार बेहोरी जम्मा हुन आएको न्यून रू. ३७ करोड ५ लाख ३३ हजार मध्ये रू. २० करोड आन्तरिक ऋणबाट र बाँकी नगद मौज्दातबाट व्यहोरिने संशोधित अनुमान छ।

## ३

३.१ अध्यक्ष महोदय, माथि मैले चालू वर्षको आर्थिक स्थिति र त्यसको सन्दर्भमा श्री ५ को सरकारको वर्तमान दृष्टिकोण र नीतिहरूबारे संक्षेपमा विवेचना गर्नुको साथै २०३४।३५ को यथार्थ र २०३५।३६ को आय-व्ययको संशोधित अनुमान पनि प्रस्तुत गरें। अब म आगामी वर्षको बजेट र कार्यक्रमबारे केही प्रकाश पार्न चाहन्छु।

३.२ आगामी वर्ष चालू पञ्च वर्षीय योजनाको अन्तिम वर्ष हो र सो वर्षको विकास कार्यक्रमलाई बजेट प्रस्तुत गर्न लागेको यस अवसरमा लगानीतर्फ हालसम्मको प्रगति हेर्दा लक्ष्य मुताविक खर्च हुने देखिन्छ। चालू पञ्च वर्षीय योजनामा सरकारी क्षेत्रमा योजना अवधिभित्र आर्थिक वर्ष २०३०।३१ को स्थिर मूल्यमा न्यूनतम कार्यक्रमको लागि रू. ६ अरब १७ करोड र अधिकतम कार्यक्रमको लागि रू. ७ अरब ५५ करोड लगानी गर्ने लक्ष्य रहेकोमा चालू आर्थिक वर्षसम्म स्थिर मूल्यमा नै रू. ६ अरब ८ करोड खर्च भइसकेको छ। आगामी वर्षको लागि मैले प्रस्ताव गर्न लागेको विकास बजेटको स्तर हेर्दा बाँकी रू. १ अरब ४७ करोड सजिलैसंग खर्च भई वास्तवमा पञ्च वर्षीय योजनाको लक्ष्यभन्दा लगानी बढ्न जानेछ। यसो भन्दैमा पञ्च वर्षीय योजनाको भौतिक लक्ष्य पूरा हुन्छ भन्ने दावी मैले गर्न खोजेको होइन र खासगरी उत्पादनको क्षेत्रमा हामी पछि परेको कुरा मैले शुरूमा नै उल्लेख गरिसकेको छु। पांचौं योजनाको अनुभवलाई ध्यानमा राखी विकास प्रक्रियालाई कसरी बढी प्रभावकारी एवं जनमुखी बनाउन सकिन्छ भन्ने कुरामा राष्ट्रिय योजना आयोग कार्यरत छ र सोही सन्दर्भमा छैठौं योजना तर्जुमा गर्ने काम शुरू भइसकेको छ।

३.३ विकास लगानीलाई बढी उत्पादनशील कार्यमा लगाउनु पर्ने आजको आवश्यकता र विकास बजेट अनुमानभन्दा सधैं कम खर्च हुने हाम्रो अनुभवलाई दृष्टिगत गरी आगामी वर्षको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बजेट अनुमान बढी यथार्थवादी रूपमा तर्जुमा गर्ने प्रयास गरेको छ। उत्पादनशील कार्यको निमित्त गर्नु पर्ने खर्च र निर्माणाधीन आयोजनाहरूलाई चालू राखी पूरा गर्न चाहिने खर्चको व्यवस्थामा कुनै प्रतिकूल असर नपारिकन आगामी वर्ष वैदेशिक सहायताबाट खर्च व्यहोरिने आयोजनाहरू र खासगरी जनसहभागिताबाट सञ्चालन हुने स-साना आयोजनाहरू बाहेक हाम्रो वर्तमान क्षमता बाहिरका नयाँ कामहरू शुरू नगर्ने दृष्टिकोण राखी बजेट तर्जुमा गरेको छ।

३.४ जहाँसम्म विकास खर्चको बाँडफाँडको प्रश्न छ सो प्रायः चालू योजनाले निर्धारित गरेको प्राथमिकता क्रम अनुरूप नै छ। कृषिको विकासमा नै नेपालको आर्थिक विकास सम्भव रहेको तथ्यलाई ध्यानमा राखी सिचाइ सुविधा उपलब्ध भइसकेका क्षेत्रहरूमा कृषि सा[illegible] कृषि ऋण तथा प्राविधिक सेवा सघन रूपमा जुटाउने कार्यक्रम लिई यस क्षेत्रको विकास प्रयाशमा एक नयाँ मोड दिने प्रयाश गरिएको छ। कृषि प्रसारको नयाँ तरीका "तालीम तथा भ्रमण" को सिद्धान्त अनुसार कृषि विशेषज्ञहरूले कृषकको खेतमा गई कृषकहरूसंग सोझै सम्पर्क स्थापित गर्ने कार्यपद्धति केही जिल्लाहरूमा अपनाइने छ। यसै गरी साना किसान विकास कार्यक्रमलाई अरू विस्तार गरिनेछ भने कृषिअन्तर्गतका अनुत्पादक कार्यहरूलाई निरुत्साह गरिएको छ। सिचाइअन्तर्गत तराई क्षेत्रमा निर्माणाधीन ठूला एवं मझौला आयोजनाहरू चालू रहनेछन् भने पहाडी क्षेत्रमा स-साना सिचाई आयोजनाहरूको लागि पनि व्यवस्था गरिएको छ।

३.५ नेपालको कुल जनसंख्याको ९५ प्रतिशत गाउँमा बस्ने र यिनीहरूको विकास नै देशको आर्थिक विकास हुने तथ्यलाई हृदयंगम गरी केही वर्षदेखि एकीकृत ग्रामीण विकास आयोजनाहरू सञ्चालन हुँदै आएको हो। स्थानीय साधन, श्रम र प्रविधिको परिचालनद्वारा जनसहभागिताको आधारमा जनसाधारणलाई परोक्ष लाभ हुने आयोजनाहरू जस्तै बाटोघाटो, नहर पैनी, खानेपानी, सांधु, झोलुङ्गे पूलहरू, स्वास्थ्य चौकी, स्कूल भवन, भूक्षय नियन्त्रण, सामूदायिक वन विकास आदि कतिपय आयोजनाहरूको सञ्चालनको लागि यस कार्यक्रमअन्तर्गत रकमको व्यवस्था गरिएको छ। भूक्षय नियन्त्रण गर्ने दृष्टिकोणले एकीकृत विकास कार्यक्रमहरूको साथै वृक्षरोपण र पञ्चायती वन र पञ्चायत संरक्षित वनहरू छुट्याई सामुदायिक वन विकासको लागि पनि रकमको व्य[illegible] गरिएको छ।

३.६ अव्यवस्थित रूपबाट बसोबास गरिरहेका तथा भूमिहीन र दैवी प्रकोपबाट पीडित परिवारलगायत आदिवासीसमेतलाई व्यवस्थित रूपमा बसोबास गराउने कार्यक्रम जारी राखी हालसम्म दर्ता नभएका हाल आवादी जग्गाहरूलाईसमेत तदारूकताका साथ दर्ता गरिनेछ।

३.७ चालू ठूलठूला राजमार्गहरूको लागि विगत वर्ष झैं आगामी वर्षमा पनि रकम उपलब्ध गराइएको छ भने यी राजमार्गहरूलाई जोड्ने सहायक मार्गहरूको निर्माण कार्यलाई आगामी वर्षमा व्यापक गराउने उद्देश्यले रकमको व्यवस्था गरिएको छ। साथै जनसहभागिताबाट सञ्चालित भएका पञ्चायती मार्गहरू तथा झोलुङ्गे पूलको निमित्त पनि रकम व्यवस्था गरिएको छ। हवाई यातायातको विकासतर्फ केही विमान स्थलहरूको निर्माण र विस्तारको लागि रकमको व्यवस्था गरिएको छ। विद्युत्मा एकातिर चालू ठूला आयोजनाहरूको लागि आवश्यक रकमको व्यवस्था

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको छ भने पहाडी तथा दुर्गम क्षेत्रमा साना विद्युत् आयोजनाहरूको विकासलाई पनि रकम छुट्याइएको छ। उद्योग तथा खानीतर्फ चालू कार्यक्रमहरूको अतिरिक्त सिमेण्ट उद्योगको लागि थप रकमको व्यवस्था गरिएको छ।

३.८ सामाजिक सेवातर्फ शिक्षाको क्षेत्रमा कार्यमूलक प्रौढ शिक्षालाई बढी प्रभावकारी ढङ्गबाट विस्तार गर्ने, प्राविधिक जनशक्ति तयार गर्ने र प्राथमिक शिक्षा निःशुल्क गरिए अनुसार आवश्यक रकमको व्यवस्था गरिएको छ। जनसंख्याको बढ्दो वृद्धि दरलाई नियन्त्रण गर्नेको निमित्त परिवार नियोजन सेवालाई व्यापक गराउन आवश्यक रकमको व्यवस्था गर्नुको अतिरिक्त जनसंख्या नीति निर्माणमा समन्वय कायम राखी यस सम्बन्धी कार्यक्रममा प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ।

३.९ विकास कार्यक्रमहरूको लागि यसरी बजेट व्यवस्था गर्दै साधारण तथा विकास दुवैतर्फ भवननिर्माण, फर्निचर, सवारीको ईन्धन आदि शीर्षकहरू अन्तर्गतको खर्च पूरा मात्रामा नियन्त्रित गरेको छु। यसो गर्दा गर्दै पनि साधारणतर्फको बजेट गत सालको तुलनामा केही मात्रामा वृद्धि हुन गएको छ। यसको मूल कारण ऋण तथा लगानी र सांवा तथा ब्याज भुक्तानीको रकम बढेको र जनमत संग्रहको लागि रकम व्यवस्था गर्नु परेकोले हो।

३.१० क्षेत्रीय सन्तुलनको दृष्टिकोणबाट हेर्दा पूर्वाञ्चल विकास क्षेत्रमा विकास बजेटको १६.४७ प्रतिशत, मध्यमाञ्चलमा ४३.७३ प्रतिशत, पश्चिमाञ्चल विकास क्षेत्रमा १४.१८ प्रतिशत, सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा १४.१६ प्रतिशत र विकास क्षेत्र खुलाउन नमिल्ने कार्यहरूमा ११.४६ प्रतिशत पर्दछ। मध्यमाञ्चल विकास क्षेत्रमा अझै पनि विकास खर्चको ठूलो भाग परिरहनुको मूल कारण उद्योग र विद्युत्सम्बन्धी ठूला आयोजनाहरू यही क्षेत्रमा केन्द्रित रहनाले हो। स-साना आयोजनाहरूको थालनी गरेर भए पनि सबैभन्दा पिछडिएका क्षेत्रहरूमा प्राथमिकता दिई सर्व-साधारणको जनजीवनको निमित्त अत्यावश्यक सुविधा उपलब्ध गराउने जुन हाम्रो उद्देश्य छ त्यसको सन्दर्भमा लगानीको रकमको अनुपातलेभन्दा योजनाको संख्याले बढी महत्व राख्दछ भन्ने मेरो धारणा छ। यसरी हेर्दा हामीले क्षेत्रीय सन्तुलनको लागि गरेको प्रयास फलदायी छ। आर्थिक वर्ष २०३४।३५ मा पूर्वाञ्चल, पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चलमा क्रमश: २२८, २१८ र ३०८ आयोजनाहरू बजेटमा परेका थिए भने आगामी वर्ष यी क्षेत्रहरूमा क्रमश: ३०७, २८४ र ३३५ आयोजनाहरू परेका छन्। सोही अवधिमा मध्यमाञ्चल क्षेत्रको लागि निर्धारित आयोजनाहरूको संख्या भने ४०२ बाट घटेर ३९२ मा आएको छ। आयोजनाहरूको संख्यामा आएको यो सन्तुलनलाई एक ठूलो उपलब्धि मान्नु पर्छ।

३.११ अब म उपर्युक्त आधारमा तर्जुमा गरेको आगामी वर्षको आय-व्ययको अनुमान प्रस्तुत गर्दछु। आगामी वर्षको लागि विकास बजेटको रू. २ अरब ९६ करोड ९५ लाख ९४ हजार र साधारण बजेटको रू. १ अरब २१ करोड ४२ लाख ८४ हजार गरी जम्मा रू. ४ अरब १८करोड ३८लाख ७८हजारको व्ययको अनमान पेश गरेको छ। यो रकम चालू आर्थिक वर्षको

273
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संशोधित अनुमानभन्दा ३४ प्रतिशत बढी छ। विकासतर्फ छुट्याइएको रकम ४४ प्रतिशतले वृद्धि गरिएको छ भने साधारणतर्फको खर्च १५ प्रतिशतले वृद्धि हुने अनुमान छ।

३.१२ साधारणतर्फको बजेटमा संवैधानिक अङ्गको लागि रू. २ करोड ७० लाख २९ हजार, साधारण प्रशासनमा रू. २० करोड ५९ लाख ४९ हजार, आर्थिक प्रशासन र योजनामा रू. १ करोड ३५ लाख ५७ हजार, राजस्व प्रशासनमा रू. ३ करोड ५८ लाख ६८ हजार, न्याय प्रशासनमा रू. १ करोड ६८ लाख ५४ हजार, वैदेशिक सेवामा रू. ४ करोड ४५ लाख २५ हजार, रक्षामा रू. २२ करोड ६४ लाख ८८ हजार, सामाजिक सेवाहरूमा रू. १९ करोड ६ लाख ४९ हजार, आर्थिक सेवाहरूमा रू. ११ करोड २२ लाख ६ हजार, ऋण लगानी तथा साँवा र ब्याज भुक्तानीमा रू. २३ करोड ६८ लाख ५९ हजार र विविध शीर्षकहरूमा रू. १० करोड ४३ लाख छुट्याइएको छ।

३.१३ विकास बजेटतर्फ आर्थिक प्रशासन योजनामा रू. ३ करोड ५ लाख ७८ हजार, सामाजिक सेवाहरूमा रू. ६० करोड ८१ लाख ७० हजार, आर्थिक सेवाहरूमा रू. २ अरब २७ करोड ९० लाख ८८ हजार र साधारण प्रशासन तथा विविधमा रू. ५ करोड १७ लाख ५८ हजार छुट्याइएको छ।

३.१४ आर्थिक सेवाहरूमध्ये कृषि, भूमिसुधार र सिचाइमा रू. ६० करोड २७ लाख, वनमा रू. १५ करोड ३१ लाख ६२ हजार, उद्योग तथा खानीमा रू. २१ करोड ६४ लाख ८९ हजार, यातायातमा रू. ७४ करोड ४१ लाख ४४ हजार, सञ्चारमा रू. २ करोड २७ लाख ४० हजार, विद्युत्मा रू. ४९ करोड ५ लाख ९३ हजार, नापीमा रू. २ करोड ८७ लाख ११ हजार र अन्य आर्थिक सेवाहरूमा रू. २ करोड ५ लाख ४९ हजार रकम छुट्याइएको छ। सामाजिक सेवातर्फ शिक्षामा रू. २६ करोड ४७ लाख ६२ हजार, स्वास्थ्यमा रू. १३ करोड २८ लाख, खानेपानीमा रू. ८ करोड २५ लाख ८२ हजार, पञ्चायत शीर्षकमा रू. ९ करोड ३५ लाख १० हजार र अन्य सामाजिक सेवामा रू. ३ करोड ४५ लाख १६ हजार छुट्याइएको छ।

३.१५ राजस्वतर्फ वर्तमान स्रोतबाट रू. २ अरब १३ करोड ७५ लाख ७० हजार प्राप्त हुने अनुमान छ। यो रकम चालू वर्षको संशोधित अनुमानको तुलनामा २५ प्रतिशतले बढी छ। [illegible] राजस्वमा कर राजस्वबाट रू. १ अरब ७४ करोड ७३ लाख ८६ हजार र गैर कर राजस्वबाट [illegible] करोड १ लाख ८४ हजार प्राप्त हुने अनुमान छ।

३.१६ कुल कर राजस्वमा अन्तर्राष्ट्रिय व्यापारमा लाग्ने करबाट रू. ६९ करोड ७२ लाख ७७ हजार र वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने करबाट रू. ६६ करोड ६१ लाख ९ हजार उठ्ने अनुमान छ। आय, नाफा तथा सम्पत्तिमा लाग्ने कर र मालपोत तथा रजिष्ट्रेशनबाट भने क्रमश: रू. २३ करोड ४० लाख र रू. १५ करोड प्राप्त हुने अनुमान छ। आयकर र मालपोतमा चालू वर्ष नउठेको राजस्व र अरू बक्यौता उठ्ने अनुमानमा आधारित छ।

३.१७ गैर कर राजस्वतर्फ सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट रू. ११ करोड ९० लाख, लाभाँश, साँवा ब्याजबाट रू. १५ करोड १० लाख ९ हजार र दस्तूर, दण्ड जरीवाना र जफत रोयल्टी, टकमरी आदिबाट रू. १२ करोड १ लाख ७५ हजार प्राप्त हुने अनुमान छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.१८ वैदेशिक सहायतातर्फ अनुदान र ऋण गरी जम्मा रू. १ अरब ८७ करोड ६२ लाख ३६ हजार प्राप्त हुने अनुमान छ। यो रकम चालू आर्थिक वर्षको संशोधित अनुमानभन्दा करीब ८० प्रतिशतले बढी छ। गत वर्षको तुलनामा चालू वर्ष स्वीकृत भएको विदेशी सहायताको रकम निकै वृद्धि भएकोले पनि आगामी वर्ष विदेशी सहायताको अनुपातमा वृद्धि हुनेछ। यस वर्षको संशोधित अनुमान अनुसार कुल विकास खर्चको करीब ५० प्रतिशत विदेशी सहायताबाट व्यहोरिने भएकोले आगामी वर्ष कुल विकास खर्चको करीब ६३ प्रतिशत विदेशी सहायताबाट व्यहोरिने अनुमान छ। आगामी वर्ष प्राप्त हुने वैदेशिक सहायता मुख्यत: यातायात, विद्युत्, सिंचाइ, उद्योग र कृषि क्षेत्रहरूमा विभिन्न आयोजनाहरू कार्यान्वयन गर्न उपयोग गरिने भएको छ। यसको अतिरिक्त शिक्षा, स्वास्थ्य, खानेपानी तथा एकीकृत ग्रामीण विकाससम्बन्धी आयोजनाहरू सञ्चालन गर्न पनि वैदेशिक सहायता प्राप्त हुने भएको छ। यसरी वैदेशिक सहायता नेपालको आवश्यकता र प्राथमिकता अनुसार बढ्दो मात्रामा उपलब्ध र उपयोग भइरहेको छ। यस परिप्रेक्ष्यमा नेपालको विकासको लागि नेपाल सहायता समूहका सदस्यहरू र अन्य मित्रराष्ट्रहरूबाट प्राप्त भइरहेको सहयोग उल्लेखनीय छ। यस अवसरमा नेपालको आर्थिक तथा सामाजिक विकास कार्यमा सहयोग प्रदान गरिरहेका सबै मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय संघ संस्थाहरूप्रति श्री ५ को सरकारको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु।

३.१९ यसरी आगामी वर्ष विकास र साधारण गरी जम्मा रू. ४ अरब १८ करोड ३८ लाख ७८ हजार खर्च हुने अनुमान अनुसार राजस्वको वर्तमान स्रोतहरूबाट रू. २ अरब १३ करोड ७५ लाख ७० हजार र वैदेशिक अनुदान तथा ऋणबाट रू. १ अरब ८७ करोड ६२ लाख ३६ हजार गरी जम्मा रू. ४ अरब १ करोड ३८ लाख ६ हजार प्राप्त भई बाँकी रू. १७ करोड ७२ हजार न्यून हुने देखिएको छ।

## ४

४.१ अध्यक्ष महोदय, श्री ५ को सरकार, कर प्रणालीलाई बढी न्यायपूर्ण, वैज्ञानिक एवं सरल बनाउने दिशामा कार्यरत छ भन्ने कुरा मैले शुरूमै उल्लेख गरेको हुँ। यस सम्बन्धमा गठित आर्थिक आयोगले तत्काल लागू गर्न सकिने भनी सिफारिश गरेका सुझावहरू छोटो अवधिमा श्री ५ को सरकारलाई उपलब्ध गराई सकेको छ र बजेटमा कर प्रस्तावहरू तर्जुमा गर्दा यी सुझाव-हरूलाई समेत ध्यानमा राखेको छु। विकास अभियानको निमित्त आवश्यक साधन जुटाउन बराबर करको भार वहन गर्दै आएका जनतालाई राहत दिई केही मात्रामा भए पनि सुविधासमेत पुगोस् भन्ने हेतुले विभिन्न प्रत्यक्ष एवं अप्रत्यक्ष करहरूमा परिवर्तन गरेको छु।

४.२ म सर्वप्रथम अप्रत्यक्ष कर प्रस्तावहरू पेश गर्दछु। भन्सार निकासी महसूलतर्फ निकासी प्रवर्द्धनको निमित्त दिई आएको सुविधा कायमै राखी छाला, सुठो तथा हलेदो जस्ता वस्तुहरूमा प्रशोधित रूपमा हुने निकासीले बढी प्रोत्साहन पाउन् भन्ने हेतुले निकासी महसूलमा

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हेरफेर गरेको छ। देशको आवश्यकता र हाम्रो वन सम्पदाको महत्वलाई ध्यानमा राख्दै केही वन जन्य वस्तुहरूको निकासीमा महसूल वृद्धि गरेको छ भने स्वदेशी उद्योगहरूको आवश्यकतालाई ध्यानमा राखी साबिकमा निकासी महसूल माफी भै राखेका ऊन तथा ऊनको धागो जस्तो कच्चा पदार्थमा आइन्दा केही महसूल लगाइने व्यवस्था गरेको छ।

४.३ आयाततर्फ देशको उद्योगलाई संरक्षण प्रदान गर्न पोलिथिन पाइप र सीट जस्ता वस्तुहरूमा केही महसूल वृद्धि गरेको छ भने भारतबाट पैठारी हुने विभिन्न जातका कपडा, गन्जी, मोजा, गम्छालगायत सर्वसाधारणले उपभोग गर्ने जिरा मरीच केटाकेटीको दूधजस्ता वस्तुहरूमा महसूल घटाएको छ। यस गरी भारत तथा समुद्रपारबाट आयात हुने केही औषधिहरूको पै[illegible] महसूल पनि घटाएको छ। उपर्युक्त वस्तुहरूको अतिरिक्त भारतबाट पैठारी हुने अरू केही सामानहरूको र ए.आर.वन फारामद्वारा पैठारी हुने यस्तै सामानहरूमा लाग्ने सरचार्ज घटाएको छ। भन्सार महसूलसम्बन्धी यस परिवर्तनबाट सर्वसाधारण जनतालाई सुविधा पुग्नुको साथै तराई क्षेत्रका बजारहरू बढी गुल्जार गराउन मद्दत पुग्ने आशा लिएको छ। यसै गरी कृषि विकासलाई प्रोत्साहित गर्न कृषिमा प्रयोग गरिने ट्र्याक्टर, पावर टिलर र यिनका पार्टपूर्जाहरूमा पनि पैठारी महसूल घटाएको छ। पेट्रोलको बढ्दो खपतलाई नियन्त्रण गर्न हाम्रो जस्तो मुलुकमा साना साना मोटर गाडीहरू धेरै प्रयोग हुन सकोस् भन्ने हेतुले १००० सी. सी. र सोभन्दा कमका मोटर गाडीहरूमा साबिकमा १२५ प्रतिशत पैठारी महसूल लागिआएकोमा अबदेखि ६० प्रतिशत महसूल कायम गरेको छ। यही उद्देश्यले मोटर साइकलको पैठारी महसूल पनि कम गरी अबदेखि ३५ प्रतिशत मात्र लाग्ने व्यवस्था गरेको छ। यसै गरी मोटर र मोटर साइकलको पार्टपूर्जा एवं टायर ट्यूबहरू र हिटर कुकर जस्ता बिजुलीका घरायसी सामानमा पनि पैठारी महसूल कम गरेको छ। भारतबाट ए.आर.वन फारामअन्तर्गत आयात हुने मालसामानमा लाग्ने भारतीय अन्तःशुल्क पूरा फिर्ता लिने उद्देश्यले तेस्रो मुलुकहरूबाट आयात हुने यस्ता वस्तुहरूको आयात दरबन्दीमा केही हेरफेर गरेको छ। संशोधित दरबन्दी अनुसूचीमा उल्लेख गरेबमोजिम तुरुन्त लागू हुनेछ। बाँकी दरबन्दी साबिकबमोजिम कायम राखेको छ। निकासी एवं पैठारी महसूलमा गरिएका यी हेरफे[illegible]ट भन्सारतर्फ रू. ८८ लाख ८९ हजार राजस्व कम प्राप्त हुने अनुमान छ।

४.४ अन्तःशुल्कतर्फ २५ अश्व शक्तिसम्मका साना चामल तथा तेल मिलहरूलाई १० अश्व शक्तिभन्दा माथिकाले नियमानुसारको हिसाब किताबसमेत राख्नु पर्ने व्यवस्था रही आएकोमा आगामी आर्थिक वर्षदेखि चामल मिलहरूलाई देहाय अनुसार समदरको आधारमा अन्तःशुल्क लगाइने छ र त्यस्ता मिलहरूले हिसाब किताब राख्नु पर्ने छैन।

| | | |
|---|---|---|
| (क) १० अश्व शक्तिसम्मबाट परिचालित– | रू. | ६०।–० |
| (ख) ११ र सोदेखि माथि १८ अश्व शक्तिबाट परिचालित– | रू. | २,१००।– |
| (ग) १९ र सोदेखि माथि २५ अश्व शक्तिबाट परिचालित– | रू. | ३,६००।– |
| प्रत्येक अतिरिक्त हलर के– | रू. | १,१००।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) २५ र सोदेखि माथि ३० अश्व शक्तिबाट परिचालित– रू. ४,४००।–
प्रत्येक अतिरिक्त हलरके– रू. १,१००।–

अरू चामल तथा तेलको अन्तःशुल्क यथावत राखेको छु ।

४.५ रू. दुई लाखसम्म स्थिर पूँजी भएका घरेलु तथा ग्रामीण घरेलु उद्योगहरूलाई अन्तःशुल्क तथा बिक्री कर नलगाउने गरी आएकोमा यस्ता उद्योगको स्थिर पूँजीको हिसाब गर्ने जस्ता समस्याले उद्योगपतिलाई समेत झोंझ हुने गरेको हुँदा खास घरेलु तथा ग्रामीण उद्योगलाई सरल किसिमबाट सुविधा उपलब्ध गराई प्रोत्साहन दिन आइन्दा अन्तःशुल्क तथा बिक्रीकर छुट दिने सम्बन्धमा उद्योगको प्रकृति अनुसार खास खास घरेलु तथा ग्रामीण उद्योगहरू स्पष्ट रूपले अनुसूचीमा किटान गरी त्यस्ता उद्योगहरूलाई मात्र अन्तःशुल्क तथा बिक्रीकर नलगाउने व्यवस्था गरेको छु ।

४.६ कृत्रिम रेशाबाट तयार गरिने कपडामा अब उप्रान्त निम्नबमोजिमको दरले अन्तःशुल्क लगाउने व्यवस्था गरेको छु ।

(क) सुटिङ्ग

(१) प्रति मिटर (१४८ सेन्टीमिटरसम्म चौडाई भएकोमा) रू. ७।–

(२) १४८ सेन्टीमिटरभन्दा बढी चौडाई भएको खण्डमा प्रत्येक बढी १० सेन्टीमिटर वा सोको अंशको चौडाईको निम्ति दफा (१) को दरमा प्रति १० सेन्टीमिटर वा सोको अंशको निमित्त थप रू. –।५०

(ख) सर्टिङ्ग

(१) प्रति मिटर (९० सेन्टीमिटरसम्म चौडाई भएकोमा) रू. १।४०

(२) ९० सेन्टीमिटरभन्दा बढी चौडाई भएको खण्डमा प्रत्येक बढी १० सेन्टीमिटर वा सोको अंशको चौडाईको निमित्त माथि दफा (१) को दरमा प्रति १० सेन्टीमिटर वा सोको अंशको निम्ति थप रू. –।१६

४.७ सूजी तथा पार्केटमा अन्तःशुल्क लागी आएकोमा आइन्दा अन्तःशुल्क नलगाइने व्यवस्था गरेको छु ।

अन्तःशुल्कको अरू दरहरू यथावत राखेको छु ।

४.८ राजमार्गहरूमा चल्ने जीप, कार, बस, ट्रक आदिमा लागी आएको सवारी कर आगामी आर्थिक वर्षदेखि खारेज गरिएको छ। यसबाट रू. १ करोड ८५ लाख राजस्व घट्ने छ।

४.९ विद्युत्को उत्पादनमा श्री ५ को सरकारले उठाई आएको रोयल्टी आगामी वर्षदेखि माफी गरेको छु। यस उप-शीर्षकमा आगामी वर्ष उठाइने भनी देखाइएको अनुमान चालू वर्षको बक्यौता मध्ये उठाइने राजस्व मात्र हो ।

४.१० अब म प्रत्यक्ष करसम्बन्धी प्रस्तावहरू पेश गर्दछु। विगत केही वर्षदेखि यथावत कायम राखिएको आयकरको छटको सीमाबाट सीमित आय भएका साना करदाताहरूलाई परेको

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कठिनाईलाई ध्यानमा राखी आयकरको छुटको सीमा र छुटपछिको करको दरमासमेत निम्न-बमोजिम परिवर्तन गरेको छु। साबिकमा व्यक्ति, दम्पती र परिवारलाई बेग्लाबेग्लै छुटको सीमा निर्धारण गरिएकोमा प्रशासनिक सरलतालाई ध्यानमा राखी छुटको लागि व्यक्ति र दम्पती वा परिवार २ वर्गमा बाँडिएको छ। आगामी वर्षको निमित्त व्यक्ति र दम्पती वा परिवारको आयको छुटको सीमा र त्यसपछिको आयमा लाग्ने आयकरको दर निम्नबमोजिम हुनेछः–

| | | |
|---|---|---|
| (क) व्यक्तिको लागि छुट | | रू. ७,५००।– |
| (ख) दम्पती वा परिवारको लागि छुट | | रू. १०,०००।– |
| छुट पछिको रू. | ५,०००।– मा | ५ प्रतिशत |
| त्यस पछिको रू. | ५,०००।– मा | १० प्रतिशत |
| त्यस पछिको रू | १०,०००।– मा | १५ प्रतिशत |
| त्यस पछिको रू. | २०,०००।– मा | २० प्रतिशत |
| त्यस पछिको रू. | २०,०००।– मा | ३० प्रतिशत |
| त्यस पछिको रू. | ३०,०००।– मा | ४० प्रतिशत |
| त्यस पछिको जतिसुकै भए पनि | | ५० प्रतिशत |

फर्म, कम्पनी, संगठित संस्था र अस्थायी बासिन्दाको आयमा आयकर नलाग्ने छुट दिइने छैन र लाग्ने करको दर निम्नबमोजिम हुनेछः–

| | | |
|---|---|---|
| पहिलो रू. | ५,०००।– मा | ५ प्रतिशत |
| त्यस पछिको | ५,०००।– मा | १० प्रतिशत |
| त्यस पछिको रू. | १०,०००।– मा | १५ प्रतिशत |
| त्यस पछिको रू. | २०,०००।– मा | २० प्रतिशत |
| त्यस पछिको रू. | २०,०००।– मा | ३० प्रतिशत |
| त्यस पछिको रू. | ३०,०००।– मा | ४० प्रतिशत |
| त्यस पछिको जति सुकै भए पनि | | ५० प्रतिशत |

प्रस्तावित छुट सीमा र करको दर परिवर्तनबाट आयकरको असूलीमा रू. ७० लाख घट्न जाने देखिन्छ तापनि आगामी वर्ष खूद न्यून रू. ४५ लाख मात्र हुनेछ।

४.११ शहरी क्षेत्रको घर जग्गामा पनि कुल मूल्याङ्कनमा दिइने छुटको सीमामा बृद्धि गरिनुको साथै घर जग्गा करको दरमा पनि परिवर्तन गरेको छु। आगामी वर्षको लागि छुटको सीमा र घरजग्गा करको दर निम्नबमोजिम हुनेछः–

| | घर जग्गाको मोल | लाग्ने कर प्रतिशत |
|---|---|---|
| छुटको सीमा | रू. १,००,०००।– | – |
| त्यस पछिको | रू. १,००,०००।– मा | ०.५ |
| त्यस पछिको | रू. १,००,०००।– मा | १.० |
| त्यस पछिको | जतिसुकैमा | २.० |

१५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्तावित घर जग्गा कर परिवर्तनबाट रू. २७ लाख राजस्व घट्ने अनुमान छ ।

४.१२ शहरी घरमा दिने गरेको ह्रास कट्टीको दर बढी यथार्थवादी बनाउनको साथै औद्योगिक प्रयोगमा आएका घरजग्गा, गोदाम, मजदूर आवास र सेडहरूलाई सहुलियत दिई कर लगाउने व्यवस्थाको लागि सम्बन्धित ऐनमा आवश्यक संशोधन गर्न कार्यवाही गरिनेछ ।

४.१३ हाल कर निर्धारण आदेशमा चित्त नबुझ्ने करदाताले निर्धारित कर रकमको ५० प्रतिशत नगद धरौटी र ५० प्रतिशत बैंक ग्यारेन्टी वा जेथा जमानी राखी राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्ने व्यवस्था भै राखेकोमा सम्बन्धित ऐनमा संशोधन गरी निर्धारित करको ५० प्रतिशत मात्र नगद धरौटी राखे पुग्ने व्यवस्था मिलाइनेछ । कर विभागमा पनि पुनरावेदन सुन्ने छुट्टै व्यवस्था गरिनेछ र यो राजस्व न्यायाधिकरणको विकल्पको रूपमा राखिने छ । कर विभागमा पुनरावेदन दिंदा धरौटी राख्न नपर्ने व्यवस्था गरिनेछ ।

४.१४ पुराना आय कर र घर जग्गा कर फछ्र्यौट गर्न कर फछ्र्यौट आयोग ऐनअन्तर्गत दुई छुट्टा छुट्टै आयोगहरू गठन गरिनेछन् । रू. २५ हजारभन्दा कम आय भएका र धेरै अवधिदेखि कर फछ्र्यौट नभएका यस्तै साना करदाताहरूको कर फछ्र्यौट गर्न संक्षिप्त कर निर्धारण प्रक्रिया अपनाउन पनि आवश्यक कानूनी व्यवस्था गरिने छ ।

४.१५ मालपोततर्फ हालको व्यवस्था अनुसार ३ विगाहा भन्दा बढी जग्गा हुने जग्गावालासंग थप ४० प्रतिशत र १० विगाहाभन्दा बढी जग्गा हुने जग्गावालासंग थप ६० प्रतिशत मालपोत लिने व्यवस्था आगामी आर्थिक वर्षदेखि खारेज गरेको छु । आगामी आर्थिक वर्षमा तराई, भित्री मधेश र नापी नभएका पहाडी जिल्लाहरूमा मालपोतको साबिक कर (आ. व. ०३४।३५ को) यथावत राखिएको छ । एक विगाहाभन्दा कम जग्गा हुने जग्गावालालाई साबिक कै व्यवस्थानुसार तोकिएको मालपोतको दरमा आधा मालपोत मिनाहा दिने व्यवस्था पनि कायमै राखेको छु ।

४.१६ नापी समाप्त भई नयाँ लगत अनुसार मालपोत असूल हुने पहाडी जिल्लाहरूमा साबिकमा धेरै कम मालपोत तिरी जग्गा भोग गरी रहेकोमा नापीबाट जग्गाको यकीन क्षेत्रफल कायम हुँदा पहिले तिरी राखेको मालपोत भन्दा धेरै गुना बढी मालपोत तिर्नु पर्दा एकै पटक बढी आर्थिक बोझ पर्न गएकोले त्यस्ता नापी समाप्त भएका पहाडी जिल्लाहरूको सबै किसिमको जग्गामा ०३४।३५ को मालपोतको दरमा अनुसूची बमोजिम घटाउने प्रस्ताव गरेको छु । साथै तराई तथा उपत्यकाका केही जिल्लाहरूको केही भाग पहाडी क्षेत्रमा परेकोमा त्यस्ता जिल्लाको पहाडी भागमा पर्ने क्षेत्रको जग्गाको मालपोत दर सम्बन्धमा पनि उक्तबमोजिम नापी समाप्त भएका पहाडी जिल्ला सरह मालपोतको दर घटाइएको छ ।

४.१७ आगामी आर्थिक वर्षमा बक्यौता मालपोत प्रभावकारी रूपले असूल गर्ने व्यवस्थाको लागि २०३६ साल चैत्र मसान्तसम्म त्यस्तो बक्यौता मालपोत बुझाउने व्यक्तिहरूबाट जरीवाना तथा ब्याज नलिई असूल गर्ने व्यवस्था पनि गरिने छ ।

४.१८ हाल अधिराज्यको १५ जिल्लाहरूमा पञ्चायत विकास तथा जग्गा कर लागू भएकोमा आवश्यक पूर्वाधारहरूको अभाव तथा कार्यान्वयनमा देखा परेका समस्याहरूलाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दृष्टिगत गर्दा झापा जिल्ला र अन्य जिल्लाहरूमासमेत यस करसम्बन्धी भएको अनुभवको राम्रो विश्लेषण गर्न आवश्यक देखिएकोले यो कर व्यवस्था स्थगित गरिएको छ। साबिकमा यो कर लागू भएका १५ जिल्लाहरूमा अधिराज्यका अन्य जिल्लासरह मालपोत नै असूल गरिनेछ। पञ्चायत विकास तथा जग्गा कर स्थगित गरिएका १५ जिल्लाहरूमा आ. व. ०३४।३५ र ०३५।३६ को असूल गर्नु पर्ने बाँकी कर मालपोत कार्यालयहरूबाट नै विना जरीवाना ०३६ साल चैत्र मसान्त सम्म बुझाउन पाउने सहुलियत प्रदान गरी असूल गरिने छ। यसरी असूल भएको रकममध्ये पञ्चायतको हिस्सा पञ्चायतलाई दिई बाँकी ३५ प्रतिशत श्री ५ को सरकारको कोषमा दाखिल गरिने छ।

४.१९ विभिन्न व्यक्तिहरूको नाउँमा दर्ता भएको जग्गा सार्वजनिक काम जस्तै बाँध, नहर, सडक, भवन आदि विकास निर्माणको कामको लागि श्री ५ को सरकारबाट र जिल्ला स्तरमा स्थानीय पञ्चायत तथा जिल्ला पञ्चायतहरूबाट जग्गा प्राप्त हुने गरेकोमा ती जग्गाहरूको लगत कट्टा गरी मालपोत तिर्न नपर्ने व्यवस्था तदारूकताका साथ लागू गरिने छ।

४.२० मुलुकी ऐन सातौं संशोधनले रजिष्ट्रेशनको महलमा संशोधन भई जतिसुकैको राजिनामामा पनि रजिष्ट्रेशन गराउनु पर्ने भएबाट रू. ५००।– सम्मको राजिनामामा १ प्रतिशतले रजिष्ट्रेशन दस्तूर लाग्ने थप व्यवस्था गरी बाँकी रजिष्ट्रेशन दस्तूर यथावत कायम राखेको छु।

मालपोत तथा पञ्चायत विकास तथा जग्गा करसम्बन्धी उपर्युक्त परिवर्तनबाट श्री ५ को सरकारको राजस्व रू. १ करोड ८३ लाख १३ हजारले बढ्ने छ।

४.२१ पानीपोत असूलीको सम्बन्धमा देखा परेका समस्याहरूलाई दृष्टिगत गरी आगामी वर्षदेखि स्थानीय प्रतिनिधिसमेत संलग्न भएको समितिबाट सिंचाइको सुविधा वास्तवमा उपयोग गरेको जमीनको कित्ता बाली पिच्छे छुट्टिने व्यवस्था गरी सो अनुरूप तैयार गरिने लगतको आधारमा मात्र पानीपोत उठाउने व्यवस्था गरिने छ।

४.२२ सवारी साधन कर हालसम्म ट्रक र बसमा मात्र नलाग्ने भई आएकोमा मिनीबस पनि बढ्दो मात्रामा सार्वजनिक यातायातको निमित्त उपयोग हुन लागेको कुरालाई ध्यानमा राखी आगामी वर्षदेखि मिनी बसमा यो कर लगाइने छैन। यसबाट राजस्व नगन्य रूपमा मात्र घट्नेछ।

४.२३ उपर्युक्त कर परिवर्तनहरूबाट आगामी वर्षको लागि अनुमान गरिएको राजस्व सङ्कलनमा खूद न्यून रू. १ करोड ६२ लाख ७६ हजार हुने छ। अरू सबै प्रत्यक्ष एवं अप्रत्यक्ष करहरू यथावत कायम राखेको छु।

४.२४ आगामी वर्षको लागि मैले माथि उल्लेख गरेको न्यूनमा केही बृद्धि हुने भई कूल न्यून रू. १८ करोड ६३ लाख ४८ हजार हुनेछ। यो रकम आन्तरिक ऋण उठाई बेहोरिने छ।

४.२५ आगामी वर्ष राजस्व प्रशासनलाई बढी सरल, सक्षम, सुदृढ एवं स्वस्थ बनाउन आवश्यक कदमहरू चालिने छन्। यसमा काम गर्ने कर्मचारीहरूको उपयुक्त योग्यता, तालीम आदिको निमित्त समेत बढी प्रभावकारी व्यवस्थाको श्रृजना गर्न श्री ५ को सरकारको प्रशासन सेवा अन्तर्गत एउटा छुट्टै राजस्व समूह गठन गर्नेतर्फ प्रारम्भिक कारवाई भइसकेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ५

५.१ आगामी वर्षको लागि जुन बजेट मैले प्रस्तुत गरें त्यसमा अन्तर्निहित सिद्धान्त एवं नीतिहरू आजको राजनैतिक, सामाजिक एवं आर्थिक वस्तुस्थिति र माननीय सदस्यहरूले शाही सम्बोधन माथिको छलफलको क्रममा व्यक्त गर्नु भएका भावनामा आधारित छन् । यस बजेट-बाट यो कुरा स्पष्ट हुनेछ कि श्री ५ को सरकार जनभावनाप्रति सदा जागरूक छ र यसका नीति एवं कार्यक्रमहरू जन आकाँक्षाबाट नै निर्देशित हुन्छन् ।

५.२ यसरी श्री ५ को सरकार आफ्नो कर्तव्यप्रति सचेत छ भने यहाँ प्रतिपादित नीति एवं कार्यक्रमहरूको सही कार्यान्वयनमा यसले सबै वर्गको सहयोगको अपेक्षा पनि राख्दछ । खासगरी आज देशको अगाडिनै जति आर्थिक समस्या छन्, त्यसको समाधानमा चेतनशील वर्गको ठूलो भूमिका छ । आज अन्तर्राष्ट्रिय अर्थ व्यवस्थाले के मोड लिंदैछ, यसमा देखा पर्न सक्ने आर्थिक मन्दी वा अप्रत्याशित मुद्रा स्फितिले हामीमाथि कस्तो असर पार्छ र आज अन्तर्राष्ट्रिय आर्थिक सहयोगको जुन वातावरण छ त्यसबाट नेपाली जनताले आफ्नो आकाँक्षा अनुरूप अधिकतम लाभ हासिल गर्न के कस्ता आर्थिक एवं विकास नीतिहरू अपनाउनु परेको छ, यस्ता सबै कुराहरूको निरन्तर अध्ययन भई उचित विचार पुर्याइनु पर्दछ । यसैगरी देशभित्रै सीमित वर्गको सम्पन्नता र गाउँघरमा व्याप्त व्यापक गरीवीको परिप्रेक्ष्यमा कुन किसिमको त्याग, अनुशासन, लगनशीलता एवं सामूहिक प्रयासको खाँचो छ त्यसको सही बोध पनि हुन परेकोछ । आज नेपाली जनताले कुनै पनि जिम्मेवार समूहबाट आफ्नो निहित स्वार्थको पोषण होइन, त्यागको भावनाबाट प्रेरित कार्यकलापको अपेक्षा गर्दछ । देशको सर्वाङ्गीण हित र राष्ट्रिय स्वार्थको सर्वोपरि महत्वलाई विर्सी आ-आफ्नो वर्गको स्वार्थको सीमित घेराभित्र मात्र हाम्रो सोचाई र कार्य केन्द्रित रह्यो भने यस प्रवृत्तिले अन्ततोगत्वा देश र देशवासीको कल्याण गर्दैन ।

५.३ आजको परिस्थितिमा निजी क्षेत्रको भूमिका र सामाजिक उत्तरदायित्वबारे मैले उल्लेख गरिसकें । आज सर्वसाधारण जनताले भोग्नु परेको अभाव एवं मूल्य बृद्धि जस्ता जुन समस्याहरू छन्, त्यसको निराकरणमा श्री ५ को सरकारको जति जिम्मेवारी छ त्यति कै उत्तर-दायित्व गैर सरकारी क्षेत्रको काँधमा पनि छ । आज मैले प्रस्तुत गरेको बजेटले हर किसिमबाट सर्वसाधारणकै हितलाई मध्य नजर राखेको छ । निजी क्षेत्रले पनि केवल आफ्नो व्यक्तिगत वा वर्गीय लाभ मात्र नहेरी केही सामाजिक दायित्व एवं राष्ट्रिय अभिभारा वहन गर्नेछ भन्ने मलाई विश्वास छ । खासगरी देश र जनताले प्रदान गरेको विभिन्न सुविधाहरूबाट लाभ उठाई समाजमा ठूलो प्रतिष्ठासमेत प्राप्त गर्न सफल भएका ठूला ठूला उद्योगपति एवं व्यापारीहरूले जनताको पीर मर्का र अभाव हटाउन आफ्नो क्षेत्रलाई के कस्तो नेतृत्व प्रदान गरी ठूला साना सबै व्यापारी-हरूलाई सरीक गराउँछन्, त्यो नै आजको घडीको परीक्षा हुनेछ । प्रस्तुत बजेटको कारणबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६१

मूल्यको स्थितिमा प्रतिकूल असर पर्ने कारण छैन। करका दरहरूमा जे हेरफेर गरिएका छन्, त्यसबाट धेरै वस्तुहरूको मूल्य घट्नु पर्दछ।

५.४ निर्दलीय पञ्चायती प्रजातन्त्रको माध्यमबाट विगत १८ वर्षको अवधिमा जनतामा ठूलो चेतनाको लहर आएको छ। केन्द्रदेखि अञ्चल, जिल्ला र गाउँसम्म हर तहमा जुन व्यापक जन जागरणको प्रस्फुरण भएको छ, त्यसबाट विमुख भएर श्री ५ को सरकार मात्र होइन, उद्योगपति, व्यापारीलगायत कुनै पनि जिम्मेवार समुदाय रहन सक्तैन। यही तथ्यलाई हृदयङ्गम गरी देशमा शान्ति सुरक्षा कायम राख्ने, ऐन कानूनको मर्यादा गर्ने र आर्थिक सन्तुलन कायम राख्दै राष्ट्र निर्माणको पुनित कार्यलाई अघि बढाउने काममा सम्बन्धित सबैको सहयोगको लागि अपील गर्दै आफ्नो वक्तव्य यही टुंग्याउँछु।

मुद्रण विभाग, सिंहदरबार

२६२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खर्च व्यहोर्ने स्रोतहरूको संक्षिप्त विवरण

रू. हजारमा

| २०३४।३५ को यथार्थ | खर्च | २०३५।३६ को संशोधित अनुमान | २०३६।३७ को अनुमान |
|---|---|---|---|
| २,६७,४८,७४ | कुल खर्च | ३,११,४५,८२ | ४,१८,३८,७८ |
| ८६,६९,१३ | साधारणतर्फ | १,०५,४१,८० | १,२१,४२,८४ |
| १,८०,७९,६१ | विकासतर्फ | २,०६,०४,०२ | २,९६,९५,९४ |
| | खर्च व्यहोर्ने स्रोतहरू | | |
| १,५८,२०,२० | राजस्वबाट | १,७०,३९,७२ | २,१२,१२,९४ |
| | आयको वर्तमान स्रोतबाट | | २,१३,७५,७० |
| | कर प्रस्तावबाट | | −१,६२,७६ |
| ४६,६५,८८ | विदेशी सहायता | ५८,६४,४९ | ९६,८२,५२ |
| ३७;२५,५४ | द्वि पक्षीय | ४६,८४,७१ | ७९,३०,०० |
| ९,४०,३४ | बहु पक्षीय | ११,७९,७८ | १७,५२,५२ |
| −६२,६२,६६ | बचत (+) वा न्यून (−) | −८२,४१,६१ | −१,०९,४३,३२ |
| | न्यून पूर्ति गर्ने स्रोतहरू | | |
| ३८,१७,६१ | विदेशी ऋण | ४५,३६,२८ | ९०,७९,८४ |
| ८,४२,२९ | द्वि पक्षीय | १०,२२,३९ | १४,६९,३६ |
| २९,७५,३२ | बहु पक्षीय | ३५,१३,८९ | ७६,१०,४८ |
| २४,००,०० | आन्तरिक ऋण | २०,००,०० | १८,६३,४८ |
| ४५,०५ | नगद मौज्दात (बचत−) | १७,०५,३३ | + |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजस्व अनुमान

२०३६।३७

रू. हजारमा

| संकेत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|
| | | कुल जम्मा | २,१३,७५,७० | −१,६२,७६ | २,१२,१२,६४ |
| १.१.१.० | भन्सार महसूल | | ६६,७२,७७ | −८८,८६ | ६८,८३,८८ |
| १.१.१.१ | | पैठारीबाट | ५६,१६,२० | −६६,३४ | ५८,२२,८६ |
| १.१.१.२ | | निकासीबाट | ५,४६,०६ | ७,४५ | ५,५३,५४ |
| १.१.१.३ | | भारतीय अन्त:शुल्क फिर्ता | ५,०१,३४ | + | ५,०१,३४ |
| १.१.१.४ | | भन्सारको अन्य आय | ६,१४ | + | ६,१४ |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उप-भोगमा लाग्ने कर | | ६६,६१,०६ | −१,८५,०० | ६४,७६,०६ |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्त:शुल्क | १६,२१,१६ | + | १६,२१,१६ |
| १.१.२.२ | | मद्‌भट्टी ठेक्का रकम | १,१८,६० | + | १,१८,६० |
| १.१.२.३ | | बिक्री कर | ३६,६१,०० | + | ३६,६१,०० |
| १.१.२.४ | | मनोर[illegible] कर | १,००,०० | + | १,००,०० |
| १.१.२.५ | | सवारी कर | १,८५,०० | −१,८५,०० | + |

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.२.६ | | होटेल | १,२५,०० | + | १,२५,०० |
| १.१.२.७ | | हवाई उडान कर | ८०,०० | + | ८०,०० |
| १.१.२.८ | | ठेक्का कर | १,४०,०० | + | १,४०,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | १५,००,०० | १,८३,१३ | १६,८३,१३ |
| १.१.३.१ | | माल तथा मालपोत कार्यालयबाट उठाइने | ८,१७,३५ | २,९५,७८ | ११,१३,१३ |
| १.१.३.२ | | पञ्चायत विकास तथा जग्गा कर मध्येबाट | १,८२,६५ | −१,१२,६५ | ७०,०० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तूर | ५,००,०० | + | ५,००,०० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | २३,४०,०० | −७२,०० | २२,६८,०० |
| १.१.४.१ | | आयकर—सरकारी क्षेत्र | ४,५७,६० | + | ४,५७,६० |
| १.१.४.२ | | आयकर—अर्ध सरकारी क्षेत्र | १,०७,८० | + | १,०७,८० |
| १.१.४.३ | | आयकर—सार्वजनिक क्षेत्र | ६६,३० | + | ६६,३० |
| १.१.४.४ | | आयकर—निजी क्षेत्र | १४,१५,८० | −१५,०० | १४,००,८० |
| १.१.४.५ | | आयकर—पारिश्रमिक | ४६,५० | −३०,०० | १६,५० |
| १.१.४.६ | | घर बहाल कर | १०,०० | + | १०,०० |
| १.१.४.७ | | शहरी क्षेत्र घर जग्गा कर | ९०,०० | − २७,०० | ६३,०० |
| १.१.४.८ | | सवारी साधन कर | २०,०० | + | २०,०० |
| १.१.४.९ | | कर्जाकर | ६०,०० | + | ६०,०० |
| १.१.४.९ (क) | | व्याजकर | ६०,०० | + | ६०,०० |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १.१.५.० | दस्तूर दण्ड जरीवाना र जफत | ३,३१,७५ | + | ३,३१,७५ |
| १.१.५.१ | फर्म रजिष्ट्रेशन दस्तूर | १८,०० | + | १८,०० |
| १.१.५.२ | एजेन्सी रजिष्ट्रेशन दस्तूर | १,२५ | + | १,२५ |
| १.१.५.३ | बन्दूक पिस्तोल रजिष्ट्रेशन दस्तूर | ३,७५ | + | ३,७५ |
| १.१.५.४ | सवारी इजाजत दस्तूर | १३,७५ | + | १३,७५ |
| १.१.५.५ | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | ७०,०० | + | ७०,०० |
| १.१.५.६ | प्रशासनिक दस्तूर दण्ड जरीवाना तथा जफत | २,२५,०० | + | २,२५,०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय | ११,६०,०० | + | ११,६०,०० |
| १.१.६.१ | पिउने पानी महसूल | ३,०० | + | ३,०० |
| १.१.६.२ | पानीपोत | ५०,०० | + | ५०,०० |
| १.१.६.३ | विद्युत् महसूल | ६०,०० | + | ६०,०० |
| १.१.६.४ | हुलाक सेवा | ३,००,०० | + | ३,००,०० |
| १.१.६.५ | खाद्य कृषि क्षेत्रको आय | ५०,०० | + | ५०,०० |
| १.१.६.६ | शिक्षा क्षेत्रको आय | १२,०० | + | १२,०० |
| १.१.६.७ | वन क्षेत्रको आय | ४,५०,०० | + | ४,५०,०० |
| १.१.६.८ | यातायात क्षेत्रको आय | १,६५,०० | + | १,६५,०० |
| १.१.६.९ | अन्य सरकारी क्षेत्रको आय | १,००,०० | + | १,००,०० |
| १.१.७.० | लाभांश | ७,५०,०० | + | ७,५०,०० |
| १.१.७.१ | वित्ती [illegible]था | ७,२५,०० | + | ७,२५,०० |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १.१.७.२ | व्याप[illegible]क संस्था | १०,०० | + | १०,०० |
| १.१.७.३ | औद्योगिक संस्था | १०,०० | + | १०,०० |
| १.१.७.४ | सेवामूलक संस्था | ५,०० | + | ५,०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | १,१०,०० | + | १,१०,०० |
| १.१.८.१ | खानी रोयल्टी | २५,०० | + | २५,०० |
| १.१.८.२ | विद्युत् रोयल्टी | ५०,०० | + | ५०,०० |
| १.१.८.३ | अन्य रोयल्टी | १०,०० | + | १०,०० |
| १.१.८.४ | अन्य बिक्री | २५,०० | + | २५,०० |
| १.१.८.० | (क) टकमरी तथा टक्सारको अन्य आय | ४,१०,०० | + | ४,१०,०० |
| १.१.८.५ | टकमरी | ४,००,०० | + | ४,००,०० |
| १.१.८.६ | टक्सारको अन्य आय | १०,०० | + | १०,०० |
| १.१.९.० | सांवा र ब्याज | ७,६०,०६ | + | ७,६०,०६ |
| १.१.९.१ | सांवा–कम्पनी र संस्थानहरूबाट | ३,०८,२६ | + | ३,०८,२६ |
| १.१.९.२ | ब्याज कम्पनी र संस्थानहरूबाट | ४,०१,८३ | + | ४,०१,८३ |
| १.१.९.३ | अन्य सांवा र ब्याज | ५०,०० | + | ५०,०० |
| १.१.९.० | (क) विविध आय | ३,५०,०० | + | ३,५०,०० |
| १.१.९.४ | विविध आय | ३,५०,०० | + | ३,५०,०० |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०३४।३५ को यथार्थ र २०३५।३६ को संशोधित अनुमान

(राजस्व)

रु. हजारमा

| संकेत संख्या | शीर्षक | उप–शीर्षक | २०३४।३५ को यथार्थ | २०३५।३६ को संशोधन अनुमान |
|---|---|---|---|---|
| | | कुल जम्मा | १,५८,२०,२० | १,७०,३६,७२ |
| | | | ४५,८७,८० | ५६,३४,२२ |
| १.१.१.१ | भन्सार महसूल | पैठारीबाट | ३३,४०,८३ | ५०,६१,३७ |
| १.१.१.२ | | निकासीबाट | ३,८७,१६ | ४,३६,८७ |
| १.१.१.३ | | भरतीय अन्त:शुल्क फिर्ता | ८,५३,६० | ४,०१,०७ |
| १.१.१.४ | | भन्सारको अन्य आय | ६,२१ | ४,६१ |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | ४६,४५,२६ | ५६,०३,४५ |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्त:शुल्क | १३,८१,८४ | १६,६१,०० |
| १.१.२.२ | | मद्‌भट्टी ठेक्का रकम | २,६१,७७ | २,५६,०० |
| १.१.२.३ | | बिक्री कर | २७,३०,६५ | ३३,८४,४५ |
| १.१.२.४ | | मनोरञ्जन कर | ६८,६४ | ६५,०० |
| १.१.२.५ | | सवारी कर | १,५७,५६ | १,६२,०० |
| १.१.२.६ | | होटेल कर | १,०२,५७ | १,१२,०० |
| १.१.२.७ | | हवाई उडान कर | ८२,७१ | ७०,०० |
| १.१.२.८ | | ठेक्का कर | १,२६,२५ | १,३०,०० |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | १४,२६,८६ | ११,२०,०० |
| १.१.३.१ | | माल तथा मालपोत कार्यालयबाट उठाइने | ८,७०,२४ | ४,५०,०० |
| १.१.३.२ | | पञ्चायत विकास तथा जग्गाकर मध्येबाट | १६,०५ | १,००,०० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तूर | ५,४०,५७ | ५,७०,०० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | १४,७८,०० | ६,८७,०० |
| १.१.४.१ | | आयकर-सरकारी क्षेत्र | ३,४६,१६ | २,०२,४० |
| १.१.४.२ | | आय कर-अर्ध सरकारी क्षेत्र | ६७,३० | ३६,३६ |
| १.१.४.३ | | आय कर-सार्वजनिक क्षेत्र | ५६,४४ | ३४,७२ |
| १.१.४.४ | | आय कर-निजी क्षेत्र | ८,४६,५६ | ४,६६,७२ |
| १.१.४.५ | | आय कर-पारिश्रमिक | ४५,८७ | २६,८० |
| १.१.४.६ | | घर बहाल कर | ३३,५५ | २२,०० |
| १.१.४.७ | | शहरी क्षेत्र घर जग्गा कर | ५०,६८ | ६०,०० |
| १.१.४.८ | | सवारी साधन कर | २२,६२ | २०,०० |
| १.१.४.९ | | कर्जाकर | ७० | ४०,०० |
| १.१.४.६ | (क) | ब्याज कर | १,४६ | ४५,०० |
| १.१.५.० | दस्तूर दण्ड जरीवाना र जफत | | ४,२२,२६ | ४,१६,१६ |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तूर | १७,७० | १७,५० |
| १.१.५.२ | | एजेन्सी रजिष्ट्रेशन दस्तूर | १,७८ | १,१६ |
| १.१.५.३ | | बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तूर | ३,८२ | ३,७५ |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | १३,८० | १३,७५ |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | ६७,०१ | ६५,०० |
| १.१.५.६ | | प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत | ३,१८,१८ | ३,१८,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

| | | | | |
|---|---|---|---|---|
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्रात आय | | १२,१६,०६ | १०,४३,८८ |
| १.१.६.१ | | पिउने पानी महसूल | ४,५३ | ३,०० |
| १.१.६.२ | | पानी पोत | ६,८५ | ५,०० |
| १.१.६.३ | | विद्युत् महसूल | १,२०,५८ | ६०,०० |
| १.१.६.४ | | हुलाक सेवा | २,२४,२५ | २,७८,८८ |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | ५२,३४ | २०,०० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | १२,५२ | १५,०० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ६,३६,४० | ४,००,०० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ५८,३३ | ६२,०० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | १,००,२९ | २,००,०० |
| १.१.७.० | लाभांश | | ७,१०,६५ | ७,००,५० |
| १.१.७.१ | | वित्तीय संस्था | ६,९२,०३ | ६,८०,०० |
| १.१.७.२ | | व्यापारिक संस्था । | १३,७४ | १५,०० |
| १.१.७.३ | | औद्योगिक संस्था | १,८८ | ३,०० |
| १.१.७.४ | | सेवा मूलक संस्था | ३,०० | २,५० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | | ९९,३१ | १,०७,०० |
| १.१.८.१ | | खानी रोयल्टी | १५,३६ | २५,०० |
| १.१.८.२ | | विद्युत् रोयल्टी | ४४,५४ | ४५,०० |
| १.१.८.३ | | अन्य रोयल्टी | ८,०६ | ८,०० |
| १.१.८.४ | | सरकारी घर जग्गा बिक्री | ६,६७ | २,०० |
| १.१.८.५ | | मेशिनरी सामान बिक्री | १,८० | २,०० |
| १.१.८.६ | | अन्य बिक्री | २२,५८ | २५,०० |

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १.१.८.० | (क) टकमरी तथा टकसारको अन्य आय | | २,८७,४१ | १,४६,४८ |
| १.१.८.७ | | टकमरी | २,७५,४७ | १,४१,४८ |
| १.१.८.८ | | टकसारको अन्य आय | ११,६४ | ८,०० |
| १.१.६.० | सांवा र ब्याज | | ३,३८,३६ | ३,००,०० |
| १.१.६.१ | | सांवा-कम्पनी र संस्थानहरूबाट | २,२७,१४ | १,६०,०० |
| १.१.६.२ | | ब्याज-कम्पनी र संस्थानहरूबाट | १,००,१६ | १,२३,०० |
| १.१.६.३ | | अन्य सांवा र ब्याज | ११,०३ | १७,०० |
| १.१.६.० | (क) विविध आय | | ३,०५,१४ | ३,७५,०० |
| १.१.६.४ | | विविध आय | ३,०५,१४ | ३,७५,०० |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २६०१

व्यय अनुमान
(साधारण बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३४।३५ को यथार्थ | २०३५।३६ को संशोधित अनुमान | २०३६।३७ को अनुमान |
|---|---|---|---|---|---|
| १ संवैधानिक अङ्ग | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ७८,६० | ६८,६८ | ६८,७७ |
| | १–२ | राजसभा | ३,६२ | ५,०० | ५,६० |
| | १–३ | राष्ट्रिय पञ्चायत | ३४,५६ | ३६,६० | ४६,३६ |
| | १–४ | महालेखा परीक्षकको विभाग | २४,०५ | २४,७० | २६,५१ |
| | १–५ | सर्वोच्च अदालत | १२,११ | १२,३० | १२,७६ |
| | १–६ | लोकसेवा आयोग | २५,२४ | ३३,०० | ३३,८१ |
| | १–७ | निर्वाचन आयोग | २४,१६ | २७,०० | ३०,४० |
| | १–८ | गाउँफर्क राष्ट्रिय अभियान | ८२,३७ | ८८,६० | ५,०० |
| | १–९ | अख्तियार दुरुपयोग निवारण आयोग | — | ६,३० | ७,७५ |
| २ साधारण प्रशासन | २–१ | मन्त्रिपरिषद् | २४,५६ | २८,१० | २६,२१ |
| | २–२ | श्री ५ को सरकारको सचिवालय | १,७४,०५ | २,१०,१५ | २,५७,४७ |
| | २–३ | जिल्ला प्रशासन | २,११,३६ | २,४६,७० | २,४३,६३ |
| | २–४ | प्रहरी | ७,५७,२३ | ६,४७,०० | ११,२३,५१ |
| | २–५ | कार[illegible] | ६५,७२ | १,०४,६० | १,१५,४७ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | २–६ | विवि[illegible] | ६२,०१ | ८५,०० | ८३,६० |
| | २–७ | प्रशासन सुधार | १८,०० | २१,०० | ६,०० |
| | २–८ | राष्ट्रिय चुनाव आयोग | — | — | २,००,०० |
| ३ | ३–१ | मालपोत | १,०१,५१ | १,२५,८० | १,५६,१६ |
| राजस्व प्रशासन | ३–२ | भन्सार | ६८,१४ | ८२,२० | ६६,५७ |
| | ३–३ | अन्तःशुल्क | ३८,३६ | ४५,८० | ४६,८३ |
| | ३–४ | कर | ३६,१२ | ४६,७० | ५४,३६ |
| | ३–५ | राजस्व न्यायाधिकरण | १,३६ | २,४० | १,७३ |
| ४ | ४–१ | योजना | ६,३१ | ६,६० | ७,६८ |
| आर्थिक प्रशासन र | ४–२ | तथ्याङ्क | १२,२१ | ६,८० | ५,५१ |
| योजना | ४–३ | टक्सार | १,४५,१६ | १,६६,०० | ६८,२२ |
| | ४–४ | महालेखा नियन्त्रक कार्यालय | ३१,३० | ३५,०० | ४२,६१ |
| | ४–५ | मेट्रिक नापतौल | ११,१५ | ११,५० | ११,२५ |
| ५ | ५–१ | अदालत | १,२५,७७ | १,५०,०० | १,६२,६१ |
| न्याय प्रशासन | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | ४,६७ | ५,०० | ५,६३ |
| ६ | ६–१ | वैदेशिक सेवा | २,३०,५२ | ३,७०,०० | ३,८३,१६ |
| वैदेशिक सेवा | ६–२ | विविध | ४५,८७ | ५४,०० | ६२,०६ |
| ७ | ७–१ | रक्षा | १६,७६,३४ | १७,६०,०० | १८,८१,६७ |
| रक्षा | ७–२ | विविध | — | ३,५४,०० | ३,८२,६१ |
| ८ | ८–१ | शिक्षा | ६,६१,४२ | ८,३०,०० | ८,३६,६७ |
| सामाजिक सेवाहरू | ८–२ | स्वास्थ्य | ४,१५,२८ | ५,२५,०० | ६,०३,३१ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | ८–३ | पिउने पानी | १३,५७ | २०,०० | २६,१८ |
| | ८–४ | पञ्चायत | १,७६,१३ | २,१०,०० | २,२५,८८ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | १,८६,६४ | १,९६,०० | २,०८,१५ |
| ९ | ९–१ | कृषि | ६६,५६ | ७५,५० | ८१,१२ |
| आर्थिक | ९–२ | सिंचाइ | ४३,३७ | ४४,०० | ३१,६७ |
| | ९–३ | भूमिसुधार | १,२१,९१ | १,३०,०० | १,३६,७१ |
| | ९–४ | नापी | २७,५० | ३२,५० | ३६,०६ |
| | ९–५ | वन | ३५,६८ | ३८,८० | ४६,०५ |
| | ९–६ | उद्योग तथा खानी | २३,९३ | २६,२० | २६,२४ |
| | ९–७ | सञ्चार | २,६१,२५ | २,६०,०० | ३,३७,५६ |
| | ९–८ | यातायात | २,६६,२० | ३,३०,०० | ३,६०,५४ |
| | ९–९ | विद्युत् | ५७,३७ | ३०,०० | ३६,६३ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | १०,४२ | १०,५० | १७,४२ |
| १० | | | | | |
| ऋण तथा लगानी | १०–१ | ऋण र लगानी | ७५,९२ | ५२,८० | १,४१,९८ |
| ११ | | | | | |
| साँवा र ब्याज | ११–१ | साँवा भुक्तानी | ४,४२,८६ | ५,७४,२० | ६,५७,४७ |
| भुक्तानी | ११–२ | ब्याज भुक्तानी | ७,६३,६६ | ६,८३,१० | १२,६६,१४ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १२ विविध | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ६५,६६ | ७५,०० | ८५,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | १,५७,६२ | १,७०,०० | १,७६,०० |
| | १२–३ | अतिथि सत्कार | २,६७ | १,५० | ३,०० |
| | १२–४ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | — | — | १,०० |
| | १२–५ | मुआब्जा | २,४७ | १०,०० | १०,०० |
| | १२–६ | अन्य | ४,१६,४६ | ४,१५,६० | ५,१५,०० |
| | १२–७ | भैपरी आउने | १,३६,०७ | २,६७,३७ | २,५०,०० |
| | | | ८६,६६,१३ | १,०५,४१,८० | १,२१,४२,८४ |

मुद्रण विभाग, सिंहदरबार

२६७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यय अनुमान
(विकास बजेट)

रू. हुजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३४।३५ को यथार्थ | २०३५।३६ को संशोधित अनुमान | २०३६।३७ को अनुमान |
|---|---|---|---|---|---|
| २ साधारण प्रशासन | २–७ | प्रशासन सुधार | ४,८२ | ६,४२ | ७,५८ |
| ४ आर्थिक प्रशासन र योजना | ४–१ | योजना | २०,२१ | २८,४५ | २,२०,१२ |
| | ४–२ | तथ्याङ्क | ८,५० | ८,५८ | ८५,६६ |
| ८ सामाजिक सेवाहरू | ८–१ | शिक्षा | २०,११,८६ | २१,८१,१४ | २६,४७,६२ |
| | ८–२ | स्वास्थ्य | ६,६२,६४ | ६,६१,०२ | १३,२८,०० |
| | ८–३ | पिउने पानी | ४,६६,१७ | ८,०६,५२ | ८,२५,८२ |
| | ८–४ | पञ्चायत | ६,४६,०३ | १०,१५,६५ | ६,३५,१० |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | २,५५,०१ | ३,३६,२० | ३,४५,१६ |
| ९ आर्थिक सेवाहरू | ९–१ | कृषि | १८,६५,०६ | १६,०२,४६ | २६,२८,६६ |
| | ९–२ | सिंचाइ | १४,२१,३६ | २३,५२,७४ | ३२,६६,१३ |
| | ९–३ | भूमिसुधार | १,०८,२६ | १,०६,८४ | १,३२,१८ |
| | ९–४ | नापी | २,३५,७० | २,७५,८६ | २,८७,११ |
| | ९–५ | वन | ७,६३,११ | ८,१३,८३ | १५,३१,६२ |
| | ९–६ | उ[illegible]था खानी | ११,५६,३२ | ५,५८,८४ | २१,६४,८६ |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | ६–७ | सञ्चार | १,३२,४२ | १,३६,०० | २,२७,४० |
| | | (क) हुलाक | (१७,२२) | (१८,००) | (२६,४०) |
| | | (ख) दूर सञ्चार | (१,१५,२०) | (१,२१,००) | (१,६८,००) |
| | ६–८ | यातायात | ४७,१८,४६ | ५३,२८,३४ | ७४,४१,४४ |
| | | (क) सडकहरू | (४१,६६,७१) | (४५,५४,३४) | (५१,३५,९०) |
| | | (ख) पूलहरू | (१,५८,८३) | (२,२१,००) | (३,९८,३४) |
| | | (ग) हवाई | (३,९२,९२) | (५,५३,००) | (१९,०७,२०) |
| | ६–९ | विद्युत् | २४,३१,३७ | ३०,४६,८३ | ४६,०५,९३ |
| | ६–१० | अन्य आर्थिक सेवाहरू | १,३६,७५ | २,१३,०० | २,०५,४६ |
| १२ | १२–६ | अन्य | २,६७,४४ | २,५०,०० | ३,१०,०० |
| विविध | १२–७ | भैपरी आउने | १,२६,०६ | २,५६,६७ | २,००,०० |
| | | | १,८०,७९,६१ | २,०६,०४,०२ | २,९६,९५,९४ |

आज्ञाले–
देवेन्द्रराज पाण्डे
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

268

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।